# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा सभ्यताको जननी हो । शिक्षा विकासको लागि मेरुदण्ड हो र भरपर्दो जग हो । शिक्षा समग्र परिवर्तनको संवाहक हो । शिक्षा ज्ञान, सीप र नयाँ अनुभव प्राप्त गरेर व्यवहारिक परिवर्तन गर्ने प्रक्रिया हो । शिक्षा विना कुनै व्यक्ति, समाज र राष्ट्रको उन्नति सम्भव छैन । शिक्षाको माध्यमबाट नै समक्ष तथा उत्पादनशील जनशक्ति तयार गर्न सकिन्छ। दक्ष जनशक्ति उत्पादन गर्न शिक्षालाई समय सापेक्ष व्यवहारोपयोगी गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक छ । सहि शिक्षाको माध्यमले मात्र बैज्ञानिक चिन्तनशीलता मानसिक परिस्कार सम्भव हुन्छ । विज्ञान प्रविधिको वर्तमान युगमा शिक्षा विनाको जीवन कष्टकर मूल्यहीन र आधारहीन बन्दछ । सक्षम, सुसूचित र सचेत नागरिक उत्पादन गर्न व्यक्तिलाई बदलिदो परिस्थितीमा सामाञ्जस्यपूर्ण जीवनयापन गर्न सहयोग पुऱ्याउन शिक्षा नै महत्वपूर्ण माध्यम हो । विविधतायुक्त समाजमा विद्यमान मौलिक मूल्यमान्यता नैतिकता तथा आदर्श जस्ता महत्वपूर्ण पक्षहरुको स्थापना गर्न शिक्षा नै जिम्मेवार रहनु पर्दछ। प्रत्येक जाति वर्ग, समुदाय र समाजका प्रत्येक बालबालिकाले शिक्षा प्राप्त गर्नु उनीहरुको नैसर्गिक अधिकार पनि हो । त्यसैले शिक्षामा सवैको पहुँच रहनु पर्दछ। शिक्षालाई सवैको पहुँच पुऱ्याउनको लागि नेपालको शैक्षिक इतिहासमा विभिन्न प्रयासहरु भएका देखिन्छन् । तर पनि त्यसबाट अपेक्षित प्रगति हुन नसकेको प्रभावले देखाउँछ ।

मानिस चेतनशील प्राणी भएकाले विश्व परिस्थिती र समायानुकुलको शिक्षा प्राप्ति उसको आवश्यकता हो । आजको २१औं शताब्दीको युग सञ्चार सूचना प्रविधिको युग हो । यूनेस्कोले २१औं शताब्दीको शिक्षाको चार वटा प्रमुख स्तम्भहरुको घोषणा गरेको छ । १. शिक्षा जान्नका लागि, २. शिक्षा केही हुनका लागि, ३. शिक्षा केही गर्नका लागि, ४. शिक्षा मिलेर बस्नका लागि (काफ्ले, सिन्हा, श्रेष्ठ र बस्नेत २०६१) । यूनेस्को यस भनाइबाट पनि शिक्षाको आवश्यकता र महत्वका साथै यसको सर्वव्यापकता समेत स्पष्ट हुन आउँछ ।

शिक्षाले नै व्यक्तिको अन्तरनिहित क्षमताको प्रस्फुटन गराई ज्ञान, आचरण र व्यवहारमा परिवर्तन गर्दछ । यसका लागि अनौपचारिक तथा अनियमित शिक्षा प्रणालीको समेत विकास भएको पाइन्छ। नेपालको ऐतिहासिक पक्षलाई अध्ययन गर्दा स-साना राज्यहरुमा

विभाजित हुँदाको अवस्थामा पनि आ-आफ्ना पेशा व्यवसायमा संलग्न रहदै धर्मको आधारमा बौद्ध शिक्षाको प्रचलन रहेको पाइन्छ। पृथ्वीनारायण शाहको पूर्ण जीवन नेपालको एकिकरणमा नै वितेको भए पनि उनले केही विद्यार्थीहरुलाई संस्कृत र फार्मेसी अध्ययन गर्न भारत पठाएका थिए । उनले व्याकरण केशरीलाई मासिक रु.५० र बुद्धिमान सिंहलाई रु.२० छात्रवृत्ति प्रदान गरी भारतमा अध्ययन गर्न पठाएका थिए । यसरी नै राणाकालमा वीर शमसेरले नेपालमा प्राविधिक शिक्षा विकासका लागि उच्च शिक्षा अध्ययन गर्न आफ्ना छोरा गेहेन्द्र शमसेर सहित कुमारनरसिंहलाई सिभिल इन्जिनियर, भक्तबहादुर बस्नेतलाई हातहतियार, तिलकमान रायमाझी र मुसे थापालाई छालाको काम सम्बन्धि अध्ययन गर्न जापान पठाएको पाइन्छ (शर्मा, २०५७) ।

नेपालको शैक्षिक इतिहासलाई अध्ययन गर्दा समाजको रीतिरिवाज चालचलन जीवन आदर्श, सामाजिक र धार्मिक मान्यता सम्बन्धि शिक्षा घर परिवारमा दिने गरेको पाइन्छ। त्यस वेलाको शिक्षा पारिवारिक सीप, ज्ञान र अनुकरणमा आधारित थियो र विस्तारै सामाजिक जटिलताको वृद्धि हुदै जाने क्रममा शिक्षामा पनि परिवर्तन हुन स्वभाविक नै हो । नेपालमा शिक्षाको विकास संस्थागत रुपमा प्राचिन बौद्धिक बौद्ध शिक्षा प्रणाली, लिच्छवीकालिन शिक्षा, मल्लकालिन शिक्षा हुँदै हालको आधुनिक शिक्षा प्रणालीसम्म आइपुगेको पाइन्छ । बौद्धिक कालमा देवकुल, राजकुल, गुरुकुल, ऋषिकुल जस्ता शिक्षा पद्धतिहरु प्रचलनमा रहेका थिए । यी शिक्षा पद्धतिहरु मध्ये गुरुकुल शिक्षा पद्धति सवैभन्दा महत्वपूर्ण मानिन्छ । गुरुकुल शिक्षा प्रणालीमा शुल्क लिएर पढाउने कार्यलाई नराम्रो मानिन्थ्यो । शिष्यहरुलाई भोजन र आवासको व्यवस्था गरी आश्रममा शिक्षा दिइन्थ्यो । (शर्मा २०६०) । प्राचिन कालमा पनि गुरुहरुले आफ्नो शिष्यहरुलाई भोजन तथा आवासको व्यवस्था गरी आश्रममा वा मन्दिरमा शिक्षा दिने कार्यलाई छात्रवृत्तिको रुपमा लिन सकिन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले समेत छात्रवृत्तिलाई महत्व दिएको छ र यस अनुसार गरिव र जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ भन्ने बुँदालाई अगाडि सारेको छ । यस नीतिगत तथ्यले पनि विद्यार्थीको सिकाइ उपलब्धिमा छात्रवृत्ति कार्यक्रमको भूमिका रहेको स्पष्ट हुन्छ। वि.सं. २०३१ साल फागुन १२ गते नेपालमा प्राथमिक शिक्षा निःशुल्क गर्ने भनी घोषणा र प्राथमिक तहमा निःशुल्क पाठ्यपुस्तकको व्यवस्था नीतिगत रुपमा कार्यन्वयनमा आयो (वि.सं. २०३५) ।

शिक्षाको असमान वितरणले गर्दा सामाजिक र आर्थिक दुरी पनि बढ्दै गएकाले आजको समाजमा शिक्षामा समानता निष्पक्षता र सहज पहुँचका विषयमा जोडदार रुपले आवाजहरु उठ्न थालिसकेका छन् । आधारभूत तथा प्राथमिक शिक्षाको अवसरबाट बञ्चित सवै वालबालिकाहरुलाई लाभान्वित हुन सकुन् भन्ने उद्देश्यले विभिन्न प्रयासहरु भइरहेका छन् । थाइलेण्डको जोम्टिनमा सन १९९० मा भएको सवैका लागि शिक्षा सम्बन्धि अन्तराष्ट्रिय शिखर सम्मेलनले प्रतिवद्धता जायर कार्यक्रमहरुको समिक्षा गर्न सन २००० मा सेनेगलको डकारमा सवैका लागि शिक्षा सम्बन्धि विश्व शिक्षा मञ्चको बैठक गरिएको थियो । उक्त बैठकले जोम्टिन सम्मेलनले तय गरेका उद्देश्यहरु कार्यान्वयन भइ पुरा भए नभएका समीक्षा गऱ्यो भने सवैका लागि शिक्षाका ६ वटा लक्ष्यहरु निर्धारण गऱ्यो । उक्त बैठकमा प्रत्येक सदस्य राष्ट्रले प्रत्येक नागरिकलाई सन २०१५ सम्ममा आधारभूत शिक्षा उपलब्ध गराई छान्ने वचनवद्धता जाहेर गरेको छ (बस्नेत २०६०) ।

नेपालको विविध शैक्षिक गतिविधीहरुलाई सवैका लागि शिक्षा सम्बन्धि कार्यक्रमको मूल प्रवाहमा ल्याउन राष्ट्र, अन्तराष्ट्रिय, सरकारी तथा गैर सरकारी क्षेत्रबाट विभिन्न किसिमका छात्रवृत्ति सम्बन्धि कार्यक्रमहरु लागु भएका छन् । यी विभिन्न मुद्धाहरुलाई समाधान गर्न र शिक्षामा सवैको पहुँच बढाउन र शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने उद्देश्यका साथ छात्रवृत्ति तथा सहुलियत कार्यक्रमहरु प्रमुख रणनीतिको रुपमा देखा परेका छन् । अझ विशेष रुपमा भन्नु पर्दा शिक्षामा समता सम्बन्धि मुद्धालाई संबोधन गर्नका लागि छात्रवृत्ति तथा सहुलियत कार्यक्रमलाई सुविधाविहिन तथा गरिव बालबालिकाको शिक्षामा हुने लागत घटाइ शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमको रुपमा लिइएको छ । यस्ता कार्यक्रमहरुले एकातिर समग्र शैक्षिक प्रणालीको सक्षमता अभिवृद्धि गर्न, भर्नादर, टिकाउदर, उत्तीर्णदर र कक्षामा नियमितता बढाउन मद्दत गर्छ भने अर्कोतर्फ विचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र असफल हुने जस्ता शैक्षिक क्षति न्यूनिकरण गरी गरीव बालबालिकालाई शिक्षा हासिल गर्न र उपलब्धि अभिवृद्धि गर्न हौसला र प्रेरणा बढाउँछ (शिक्षा विभाग २०६३) ।

बास्तवमा गरीव विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नु भनेको शिक्षा प्राप्त गर्न उनीहरुलाई प्रोत्साहित गर्नु हो । गुणात्मक सिकाइ उपलब्धितर्फ अझ प्रभावकारी ढंगबाट उन्मुख गराउनु हो । सिकाइ उपलब्धि भन्नाले तहगत, कक्षागत र विषयगत रुपमा पाठ्यक्रमले निर्धाण गरेका उद्देश्यहरु अनुरुप ज्ञान, सीप र अभिवृद्धि हासिल गर्नु हो । यस प्रकारको सिकाइ उपलब्धि

गुणात्मक ढंगबाट हासिल गर्नको लागि विद्यार्थीहरुलाई भौतिक बस्तुहरुको प्रयोगले इच्छा, चाहाना, रुची तथा सिकाइप्रति उत्प्रेरणा पैदा गर्न सहयोग मिल्दछ । त्यसकारण विद्यालय तहको बालबालिकाहरुको सिकाइप्रति रुचि जगाइ प्रभावकारी उपलब्धि हासिल गर्न छात्रवृत्तिको महत्वपूर्ण भूमिका रहन्छ । मानव सभ्यताको विकास सँगसगै शिक्षाको पनि शुरुवात भएको हो । तसर्थ धार्मिक, साँस्कृतिक, भाषिक, जातीय एवम् आर्थिक दृष्टिले पछिपरेका बालबालिकाहरुको लागि छात्रवृत्ति कार्यक्रम प्रयोगमा ल्याइएको छ। तर हालसम्मको प्रक्रियामा भने धनी र पहुँचवालाको छोराछोरी मात्र खास छात्रवृत्तिबाट लाभान्वित हुन पुगेका छन् । राजधानी केन्द्रका सम्पन्न बुवाआमाका छोरा छोरीहरु र जिल्लास्तरका आर्थिक पहुँच भएका सिमित व्यक्तिहरुका नातेदारहरु शिक्षाका लागि छात्रवृत्ति पाएर विदेश अध्ययन गर्न पठाइएका छन् । तर गरीवका पक्षमा भने प्रत्यक्ष सुधारको अवस्था छैन । नेपाल जस्तै अविकसित मुलुकका लागि गरिवी निवारण गर्न शिक्षामा समान पहुँच र गुणस्तरमा अभिवृद्धि गर्न भनी विविध कार्यक्रमहरु संचालन हुँदै आएका छन् साथै आज विश्व भरी नै शिक्षा समान शैक्षिक गुणस्तर सम्बन्धि मुद्धाहरुलाई संबोधन गर्न आ-आफ्नो देशको परिवेश अनुसार प्रयासहरु जारी छन् र नयाँ नयाँ उपायहरुको सक्दो खोजी समेत भइरहेको पाइन्छ ।

## १.२ समस्याको कथन

निम्न माध्यमिक तहलाई विद्यालयमा एउटा महत्वपूर्ण तहको रुपमा मानिन्छ। किनकी प्राथमिक तहमा जे जति सिकाइ उपलब्धिहरु हासिल भएका छन् तिनीहरुलाई अझ सशक्त र प्रभावकारी रुपमा मजवुत र जीवनपयोगी बनाउनका लागि यो तह निर्धारण गरिएको हो । भने पाठयक्रम प्रारुप २०६३ ले त कक्षा आठसम्मलाई आधारभूत तह भनेर पनि निर्धारण गरेको छ । त्यसैले माध्यमिक तहको सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर उच्च बनाउनका लागि यस तहको गुणस्तरमा नै सुधार गर्नु अत्यावश्यक देखिन्छ। त्यसैले प्राथामिक तहदेखि नै विद्यार्थीहरुमा सिकाइप्रति चाहना, अभिरुचि जगाउन उच्च गुणस्तरीय उपलब्धि हासिल गराउन उनीहरुलाई विद्यालय र सिकाइप्रति आकर्षित गर्नु पर्दछ। प्राकृतिक रुपले उत्तेजनाको सम्बन्ध सिकाइमा स्थापित गर्नु पर्दछ। प्राकृतिक रुपले उत्तेजनाको सम्बन्ध सिकाइमा स्थापित गर्न सकेको खण्डमा बालबालिकाहरुको सिकाइ उपलब्धिमूलक बन्न सक्दछ । यसरी बालबालिकाहरुको सिकाइ उपलब्धिमूलक बनाउन प्राथामिक तहदेखि माध्यामिक तहसम्म नै सरकारले दलित छात्रवृति र २०६७ पछि १००% छात्रा, छात्रवृति जस्ता छात्रवृतिहरुको

सामुदायिक विद्यायलयमा व्यवस्था गरेको छ । निम्न माध्यामिक तहमा छात्रवृतिको कार्यान्वयन पछिको सिकाइ उपलब्धि स्तर के कस्तो छ भन्ने एक अनुसन्धानको विषय भएकाले यसका कारणहरु, असरहरु पहिचान गरी समस्या समाधानका उपायहरु थाहा पाउने आदि पक्षसँग यो अध्ययन सम्बन्धित छ ।

नेपालमा शिक्षा क्षेत्रमा गरिएको लगानीको प्रतिफलको अवस्था, उपयोगको अवस्था, लक्षित समूहको पहुँचको अवस्था जस्ता पक्षहरुको समेत अनुसन्धान गर्न आवश्यक भएकाले यो अध्ययन गरिएको छ । साथै आजको सन्दर्भमा शैक्षिक चेतनाको कमीको कारण र कमजोर आर्थिक अवस्थाको कारण बालबालिकाको विद्यालय शिक्षामा न्यून सहभागिता र सिकाइ उपलब्धिमा न्यून प्रभावकारिता पाइन्छ । यसर्थ आर्थिक रुपले विपन्न तथा दलित, सिमान्तकृत आदि पक्षलाई शिक्षाको मूलधारमा समावेश गर्न, उनीहरुको सिकाइलाई उत्साहित गर्न, विद्यालयमा भित्र्याउन, टिकाउन, सिकाउन राज्यले व्यवस्था गर्दै आएको छात्रवृत्ति कार्यक्रम सफल र प्रभावकारी छ छैन ? भनी यो विषय छनौट गरिएको हो । वास्तवमा छात्रवृत्तिले निम्न आर्थिक अवस्था भएका बालबालिकाहरुलाई विद्यालय शिक्षामा दिगो रुपमा टिकाएर अपेक्षित सिकाइ उपलब्धि उकास्न समेत सघाउन पर्दछ ।

सरकारी क्षेत्रबाट गरिएको लगानीको प्रभावकारिता हासिल हुन सकेको छ छैन अन्योल छ । वितरण हुदै आएको छात्रवृत्ति पारदर्शी, निष्पक्ष र उद्देश्योन्मुख भएको छ छैन भन्ने जस्ता तथ्यको खोजी सम्बन्धित क्षेत्रबाट भएको पाइदैन । छात्रवृत्ति वितरण सम्बन्धमा विविध समस्या विद्यमान छन् र ती समस्याहरु पहिचान गर्न वितरण प्रक्रिया व्यवस्थित गर्न सकिएको छैन । यी विविध समस्याहरुका वावजुद छात्रवृत्ति कार्यक्रमले बालवालिकाको सिकाइ उपलब्धिमा जे जस्तो प्रभाव छोडेको भए पनि सकारात्मक छ भन्ने परिकल्पनाको आधारमा झापा जिल्ला अन्तर्गत शनिश्चरे स्रोतका ४ वटा विद्यालयका कक्षा आठ (८) मा अध्ययन गरिसकेका विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर यस अध्ययनमा केन्द्रित गरिएको छ । यस सिकाइ उपलब्धि अन्तर्गत विद्यार्थीहरुले अध्ययन गर्दै आएका विभिन्न विषयहरुको उपलब्धिस्तर के कस्तो छ ? नियमितता के छ ? सिकाइ उपलब्धि प्राप्त गर्न छात्रवृत्तिको प्रभाव के छ ? छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने विद्यार्थीहरु विचको सिकाइ उपलब्धिमा तुलनात्मक अन्तर के छ ? भन्ने विषय यस अध्ययनको प्रमुख समस्याको रुपमा रहेको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षामा सवैको पहुँच पुऱ्याउन र सिकाइलाई उत्साहजनक बनाइ लक्षित सिकाइ उपलब्धिहरु हासिल गराउन नेपाल सरकारले प्राथमिक तहदेखि नै दलित छात्रवृत्ति १००%, छात्रा, छात्रवृत्ति, सिमान्तकृत छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, द्वन्दपिडित छात्रवृत्ति र माध्यमिक शिक्षा छात्रवृत्ति जस्ता छात्रवृत्तिहरु माध्यमिक तहसम्म नै वितरण गर्दै आएको पाइन्छ । छात्रवृत्ति वितरणको प्रक्रिया, यसको कार्यान्वयन पछिको सिकाइ उपलब्धिको अवस्था, शैक्षिक क्षति न्यूनिकरणको अवस्था, वर्तमान समस्याको अवस्था विषयहरुमा खोजी गर्न र विद्यमान समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउन यो अध्ययनको औचित्यपूर्ण हुनेछ ।

छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्नादरमा पारेको प्रभाव, दलित छात्रवृत्तिको प्रभावकारिता, छात्रा छात्रवृत्तिको प्रभावकारिता आदि विषयमा अध्ययन भैसकेको पाइएता पनि विद्यार्थीले प्राप्त गर्ने आर्थिक सहायताले उनीहरुलाई विद्यालयमा भित्र्याउन, टिकाउन र सिकाउनका साथै अपेक्षित सिकाइ उपलब्धिस्तर हासिल गराउन सहयोग गरेको छ कि छैन ? छात्रवृत्ति वितरण र सिकाइ उपलब्धि प्राप्त गर्न के कस्ता समस्याहरु छन् । आदि पक्षहरुमा सोच्ने कार्यको थालनी नभएको पाइएकोले यस विषयमा अध्ययन गर्न औचित्यपूर्ण हुने ठानेर यस विषयमा शोध मार्फत अध्ययनलाई केन्द्रित गर्न खोजिएको छ ।

शोधको यो शीर्षक अन्तर्गत गरिने अध्ययन अनुत्तरित रहेका प्रश्नहरुको उत्तर खोजी गर्ने कार्यमा महत्वपूर्ण रहने विश्वास राखिएको छ । यस अध्ययनबाट हुने प्राप्तीले नीति निर्माण तह, कार्यान्वयन तह, सेवाग्राही र शिक्षामा सरोकार राख्ने सम्पूर्ण पक्षलाई सामान्य रुपमा भए पनि मार्गदर्शन गर्नेछ ।

शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत शिक्षा संकाय स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनको लागि गरिने यस अनुसन्धानमा स्रोत साधन र समयको सिमितता छ । साथै यसै विषयमा भविष्यमा अझ गहन अध्ययन गर्न चाहने अनुसन्धान कर्ताको लागि थप टेवा पुग्ने विश्वासका साथ यस विषयको अध्ययनलाई अगाडी बढाइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका प्रमुख उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएको छन् ।

१. छात्रवृत्ति कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्नु ।

२. छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव खोजी गर्नु ।

३. सिकाइ उपलब्धिमा प्रभाव पार्ने समस्याहरु विश्लेषण गर्नु ।

४. विद्यमान समस्या समाधान र सिकाइ उपलब्धि सुधारका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

कक्षा आठमा वितरण गरिने छात्रवृत्तिले यस कक्षामा अध्ययन गर्ने बालबालिकाहरुको सिकाइ उपलब्धिस्तर अध्ययन गर्नका लागि निम्न प्रकारका अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन् ।

१. छात्रवृत्ति कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था के छ ?

२. छात्रवृत्ति वितरण प्रणाली कस्तो छ ?

३. छात्रवृत्ति कसकसले पाउँछन् ?

४. छात्रवृत्तिको वितरणको सिकाइ उपलब्धिमा कस्तो प्रभाव छ त ?

५. विद्यार्थीको सिकाइ उपलब्धि स्तरवृद्धि गर्न कुन प्रक्रियाबाट छात्रवृत्ति वितरण गर्नुपर्छ?

६. सिकाइ उपलब्धि स्तरवृद्धि गर्ने छात्रवृत्ति बाहेक अन्य तत्वहरु के के छन् ?

७. छात्रवृत्तिको रकमले विद्यार्थीको सिकाइ उपलब्धिमा पर्याप्त भूमिका खेलेको छ कि छैन ?

८. सिकाइ उपलब्धि स्तर सुधार गर्न के के उपायहरु अपनाउनु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु पुरा गर्नका लागि नमूनाका रुपमा झापा जिल्ला शनिश्चरे स्रोतकेन्द्रका विद्यालयहरुलाई अध्ययनको क्षेत्र बनाइएको छ । यस अध्ययनका लागि छनौटमा परेका विद्यालयहरुको निम्न माध्यामिक तहको कक्षा आठ ८ मा वितरण गरिने छात्रवृति वितरण र सोही कक्षामा अध्ययन गरिएसकेका विद्यार्थीहरुको निम्न माध्यमिक उत्तीर्ण परीक्षा समितिले लिएको वार्षिक परीक्षाको शैक्षिक सत्र २०६९, २०७०, २०७१ गरी तीन वर्षको नतिजा तथा अन्य सूचना र तथ्याङ्कहरुको आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

यो अध्ययन निम्न माध्यामिक तहको कक्षा आठमा सिमित गरिएको छ । शनिश्चरे श्रोत केन्द्रका जनता उ.मा.वि. खुदुनावारी, सिंहदेवी मा.वि. खुदुनावारी, अर्जुनधारा आदर्श संस्कृत मा.वि. शनिअर्जुन र भिमले नि.मा.वि. खुदुनावारी गरी तीन वटा माध्यमिक विद्यालय र एउटा निम्न माध्यमिक विद्यालयलाई नमूनाको रुपमा छनौट गरिएको छ । यो अध्ययन सिमित श्रोत, साधन र समयको परिधिभित्र रही गरिएको हुनाले यसबाट प्राप्त निष्कर्षलाई राष्ट्रव्यापी रुपमा सामान्यीकरण गर्न सकिने छैन । यस अध्ययनको छनौटमा परेका नमूनाहरुले अध्ययन क्षेत्रभित्रको सरोकारवाला सबैको प्रतिनिधित्व गर्दछ भन्ने विश्वास लिइएको छ ।

# परिच्छेद दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैदान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयमा अध्ययन तथा अनुसन्धान गर्न त्यस विषयमा सम्बन्धित रहेका अध्ययनहरुको समीक्षा गर्नु आवश्यक हुन्छ। पूर्व साहित्यको अध्ययन र समीक्षाले आफूले गर्ने अध्ययन अनुसान्धानका लागि आधार र मार्ग निर्देशन गर्ने भएकाले यस अध्ययन अनुसान्धानमा पनि केही सम्वन्धित शोधपत्र, लेख रचना, जर्नल आदिको आधारमा सम्बन्धित साहित्यको समीक्षा तथा पुनरावलोकन गरिएको छ।

सेरिड (२०६०) ले गरेको छात्रवृति सम्वन्धि अध्ययनमा सञ्चालित कार्यक्रम सम्वन्धि व्यवस्थापन पक्षको कमजोरी औल्याइएको छ। यसमा व्यवस्थापन पक्ष आफ्नो दायित्व अधिकार, भूमिका र जवाफदेहितामा सकारात्मक नरहेको देखाइएको छ। केन्द्रियस्तरबाट हुने अनुगमन, रेखदेख र मूल्याङ्कन संयन्त्र व्यवस्थित र पारदर्शी नभएका कारण गाँउस्तरमा नकारात्मक असर परेको अध्ययनमा उल्लेख गरिएको छ। यसकारण अध्ययनमा छात्रवृति वितरणले लक्षित वर्ग लाभान्वित भई अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्न नसकेको तथ्य औल्याइएको छ।

सेरिड (१९९९) ले छात्रा र महिलासँग सम्बन्धि गरेको अर्को अध्ययनले छात्रवृति कार्यक्रम लक्षित समूहमा प्रभावकारी हुन नसकेर निर्धारित उद्देश्य प्राप्त हुन नसकेको तथ्य उल्लेख गर्दै सम्वन्धित सेवाक्षेत्रका समुदायलाई कार्यक्रमप्रति सचेत र जागरुप नवनाइकन छात्रवृत्ति कार्यक्रम संचालन गरिएको कमजोरी पक्षलाई औल्याइएको छ। अध्ययनले छात्रवृति कार्यक्रम सम्वन्धि सक्षम र सक्रिय सामाजिक परिक्षण प्रणाली जिल्ला तहमा नै हुनुपर्ने सुझाव पेश गरेको छ। छात्रा तथा महिलासँग सम्बन्धित छात्रवृत्ति कार्यक्रम लक्षित समूहमा प्रभावकारी नभइ उद्देश्य पुरा हुन नसकेको विषयले यस अध्ययनमा कार्यक्रम असफलताका कारणहरु गहिरिएर अध्ययन गर्न खोजी तथा पहिचान गर्न सहयोग पुऱ्याएको छ।

भण्डारी (२०६९) ले आफ्नो शोधपत्रमा झापा जिल्लाको बुधवारे श्रोतकेन्द्र क्षेत्रका विद्यालयमा गरिएको यसै अध्ययनमा प्राथमिक तहको छात्रवृत्ति वितरणको अवस्था पहिचान

गर्न बालकालिकाको सिकाइको प्रभाव खोजी गर्नु, छात्रवृत्ति वितरण सम्बन्धि समस्या पत्ता लगाउनु र समस्या समाधानका उपायहरु सुझाउनु जस्ता प्रमुख उद्देश्यरु रहेका छन् । अध्ययनमा प्राथमकि तहमा वितरण गरिदै आएको छात्रवृत्ति कार्यक्रमले विपन्न र दलित वर्गमा न्यून सहयोग पुर्‍याएको, छात्राहरुको भर्नादर वृद्धि गर्न, अभिभावकको विद्यालय प्रति र छात्रवृत्ति प्रतिको धारणा सकारात्मक बनाउन, विद्यार्थीको नियमिततामा वृत्ति गर्न केही सहयोग पुर्‍याएको भएतापनि छात्रवृत्ति वितरण गर्दा प्रचारप्रसार र औपचारिक समारोह नगरिएको कार्यक्रम अधिक मात्रामा उद्देश्यविहिन भएको, छात्रवृत्तिको प्रभावकारी निरिक्षण र अनुगमन नभएको, विद्यार्थीको सिकाइ उपलब्धिमा राम्रो प्रभाव नपरेको, कार्यक्रमको उचित व्यवस्थापन नभएको र यस कार्यक्रमले सम्पूर्ण विपन्न वर्गलाई समेट्न नसकेको तथ्य औल्याउनु भएको छ ।

पोखरेल (२०६७) ले इलाम जिल्लामा गरेको यो अध्ययनमा छात्रवृत्तिको विश्लेषण, वितरण प्रक्रिया, यसमा देखा परेका समस्या र समाधानका उपायहरु पत्ता लगाउने प्रमुख उद्देश्य रहेको पाइयो । यस शोधपत्रमा प्राथमिक तहको छात्रवृत्ति वितरण सम्बन्धमा आफ्नो अध्ययनको क्रममा छात्रवृत्ति रकम वितरण गर्ने विद्यालयले उपयुक्त समय निर्धारण गर्न नसकेको, छात्रवृत्ति रकम न्यून रहेको, विद्यार्थीलाई वितरण गरिएको छात्रवृत्ति रकम अभिभावकले दुरुपयोग गरिएको, लक्षित समूह छात्रवृत्तिका लागि विद्यार्थी छनौट उचित हुन नसकेको, वितरणपछि सम्बन्धित निकायबाट अनुगमन नगरिएको तथ्य प्रस्तुत गर्नु भएको छ । साथै विविध समस्याका बावजुत पनि छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्नादरमा वृद्धि गरेको, कक्षा नियमिततामा र उत्तीर्णदरमा वृद्धि गरेको र शैक्षिक क्षति कम गर्न मद्दत पुर्‍याएको तथ्य उल्लेख गर्नु भएको छ ।

वस्ती (२०६५) ले प्राथमिक तहमा छात्रवृत्तिको प्रभाव यसको वितरण प्रणालीको खोजी समस्याहरुको पहिचान र समाधानका उपायहरु जस्ता उद्देश्यका साथ अगाडि बढाइएको यस अध्ययनमा छात्रा छात्रवृत्ति कार्यक्रमले छात्राहरुको भर्नादर वृद्धि गरेको, कक्षा छाड्ने दर घटाएको, विद्यार्थी नियमितता बढाएको, कक्षा उतीर्णदर वृद्धि गरेको एवम् विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्थितिमा केही सुधार गरेको निश्कर्ष निकालेको छ। यो छात्रवृत्ति कार्यक्रम गरिव र पिछडिएका बालबालिकाको लागि भर्नादर वृद्धि गर्ने, सिकाइ उपलब्धि गर्ने एक महत्वपूर्ण माध्यम बनेको तर छात्रवृत्ति रकम न्यून रहेको कारणले विपन्न वर्गमा खासै ठूलो

प्रभाव पार्न भने नसकेको निश्कर्ष निकालिएको छ । छात्रवृत्ति वितरण गर्ने क्रममा कतै विपन्न वर्गका छात्राहरु छात्रवृत्तिबाट वञ्चित रहेका तर धनी वर्गका छात्राहरुले भने छात्रवृत्ति प्राप्त गरेका हुनाले बास्तविक विपन्न वर्गलाई पहिचान गरी छात्रवृत्ति वितरण गर्नु पर्ने सुझाव समेत यस अध्ययनमा पेश भएको देखाइएको छ ।

अधिकारी (२०६०) को अनौपचारिक शिक्षामा आदिवासी जनजाति र अल्पसंख्यक सवाल विषयक लेखमा नेपालको साक्षरताको तथ्याङ्क अत्यन्तै न्यून रहेको स्पष्ट गरिएको छ । यस लेखामा आदिवासी जनजाति र अल्पसंख्यक समूह नै बढी मात्रामा निरक्षर रहेको र यी समुदाय, समाजका अन्य अग्रपंक्तीको समुदाय भन्दा निकै तल र दयनीय जीवन विताइरहेका साथसाथै राष्ट्रिय मूलधार भन्दा बाहिररहेको तथ्य प्रस्तुत गरिएको छ । नेपालमा साक्षरताको वर्तमान अवस्था सुधार भइरहेको स्थितीमा पनि यी जातजातिको अवस्था जहाँको त्यही रहेको देखिन्छ । औपचारिक शिक्षामा समेत यस्ता समुदायका बालबालिकाको सहभागिता न्यून रहेको पाइन्छ र सहभागि भएकाहरुको पनि सिकाइ उपलब्धि ज्यादै न्यून रहेको देखिन्छ । तथापी यस्ता समुदायको बालबालिहहरुको शैक्षिकस्तर उकास्न सरकारी क्षेत्रबाट उल्लेखनीय प्रयास हुन नसकेको तथ्य यस लेखमा औंल्याएको छ ।

यस प्रकारका सम्बन्धित साहित्यको अध्ययनबाट सम्बन्धित क्षेत्रमा अझ गहन अध्ययन गर्न आधार प्रदान गर्दछन् । विभिन्न अध्ययन अनुसन्धामा छात्रवृत्तिको प्रभाव फरक फरक पाइएकोले र छात्रवृत्ति वितरणपछि कक्षा आठमा अध्ययन गरेका विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर पक्षमा स्पष्ट अध्ययन गरिएको नपाइएकोले बास्तवमा छात्रवृत्ति वितरण कार्यक्रम कार्यान्वयन भइसकेपछि विद्यार्थीको सिकाइ उपलब्धिस्तर के कस्तो रहेको छ भनी यो अध्ययनको विषय छनौट गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययनलाई व्यवस्थित ढंगले अगाडी बढाउने क्रममा प्रसिद्ध विद्वान शिक्षाविद र मनोबैज्ञानिक विचारकहरुद्वारा प्रतिपादन गरेका सिद्धान्तहरुसँग शोधकर्ताले आफ्नो अध्ययनको विषयसँग सम्बन्ध गरी नयाँ रुप दिनुपर्दछ । यस सम्बन्धि विभिन्न विद्वानसँग जोडेर अध्ययन गर्न निम्न विद्वान र तिनका सिद्धान्तसँग जोडेर विश्लेषण गरिएको छ ।

मनोबैज्ञानिक थर्नडाइक (१९१३) द्वारा प्रतिपादित सम्बलनको सिद्धान्त अनुसार सकारात्मक सम्बलनले सिकारुलाई सिकाइ प्रति अभिप्रेरित गरी सिकारुका राम्रो बानी व्यवहारहरुको निर्माणका लागि प्रोत्साहित गर्दछ भने नकारात्मक सम्वलनले सिकारुका नराम्रा बानीहरुलाई निरुत्साहित गरी सिकाइप्रति क्रियाशिल बनाउँछन् । सम्वलन प्राप्त प्रतिक्रियाहरु कुनै पनि परिस्थितिमा दोहोरिन्छन् भने सम्वलन प्राप्त नभएका प्रतिक्रियाहरु अवरुद्ध हुन्छन् ।

विद्यालयमा भर्ना भएका दलित, सिमान्तकृत, विपन्न वर्ग, लोपोन्मुख तथा द्वन्दपिडित बालबालिकाहरु छात्रवृत्ति प्राप्त गर्न विद्यालयमा नियमित हुने, शैक्षिक-सत्रको विचैमा कक्षा नछाड्ने, सिकाइ प्रति उत्प्रेरित भइ अपेक्षित सिकाइ उपलब्धि हासिल हुने भएकाले यहाँ छात्रवृत्तिले सकारात्मक सम्वलनको काम गर्दछ । यहाँ छात्रवृत्ति रकम एउटा उद्दीपक हो जसले विद्यालयमा नियमित गराउन र सिकाइ उपलब्धि प्राप्त गर्न प्रेरित गर्ने कार्य गर्दछ । यसरी मनोबैज्ञानिक थर्नडाइकले कुकुर र माछामा गरेको प्रयोगका आधारमा मानिसमा पनि यो प्रयोग गर्न सकिने प्रष्ट पारेका छन् । उनको यस सिद्धान्तले प्रत्येक प्रयासमा कुनै न कुनै प्रकारको सम्वलनको आवश्यकता हुन्छ जसको कारणले प्रयासहरु दोहोरिन्छन् र बाँनी व्यवहारको निर्माण अझ प्रभावकारी हुदै जान्छ भन्ने तथ्यलाई प्रष्टयाएको छ । यसरी नै विद्यार्थीहरु छात्रवृत्ति प्राप्त गर्ने आशामा विद्यालयमा नियमित भइ कक्षा नछाड्ने र अपेक्षित सिकाइ उपलब्धि हासिल हुने अवस्था आउँछ । यहाँ छात्रवृत्तिले सकारात्मक सम्बलनको काम गर्दछ ।

बी.एफ स्कीनर (१९३०) को कार्यपरक सम्बद्ध सिकाइ सिद्धान्त अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा गराउनु पर्दछ । तर त्यो उत्तेजना पुर्नवलयुक्त हुनु पर्दछ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रिया व्यवहारलाई क्रियाशिल बनाइ सिकाइ प्राप्त गर्न सकिन्छ । सिकारुको व्यवहारलाई चाहे अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठिक व्यवहारप्रति ठीक समयमा पुर्नवल प्रदान गर्न नसक्दा त्यसको असर नकारातमक पनि हुन सक्छ, नकारात्मक आदत निर्माण हुन सक्छ । सामान्य परिणामको आकलन गरी प्रतिक्रिया अनुसार पुर्नवल प्रदान गर्दै रहनु पर्दछ ।

विद्यालयमा नियमित नहुने शैक्षिक सत्रको विचैमा कक्षा छाड्ने कक्षा दोहोऱ्याउने र अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न नसकिरहेको अवस्थामा यो कार्यपरक सम्बद्ध सिकाइ सिद्धान्त अनुसार छात्रवृत्ति कार्यक्रम सुविधा विहित बालबालिकाका लागि उत्तेजना प्रदान गर्ने

पुर्नवल हुन सक्दछ । विद्यालयमा नियमित गराउने शैक्षिक क्षति न्यूनिकरण गर्ने, सिकाइ प्रति उत्प्रेरित गराउने जस्ता प्रतिक्रिया परक व्यवहार हुन सक्दछन् । यसरी यस्तो कार्यक्रमले विद्यालयमा विद्यार्थीहरुलाई आकर्षित गर्ने र पठन पाठन प्रति खास अभिरुचि जघाइ रम्रो सिकाइ उपलब्धि हासिल गराउँछ । यसरी लगातार पुर्नवल तालिकामा जस्तै गरी नियमित विद्यालय जाने, शैक्षिक सत्र राम्ररी पुरा गर्ने, सिकाइ उपलब्धिमा गुणात्मक सुधार गर्ने, विद्यार्थीलाई छात्रवृत्तिमा निरन्तरता दिन सकिन्छ । लक्षित वर्गका छात्रछात्राहरुले अनिश्चित पुर्नवल तालिका जस्तै कुनै पनि वेला छात्रवृत्ति प्राप्त गर्न सक्छन् । यस प्रकार छात्रवृत्तिलाई बालबालिकाहरुको सिकाइ उपलब्धि प्राप्त गर्ने गुणात्मक साधनको रुपमा अभ्यस्त गराउन सकिन्छ ।

अब्राहम मास्लो (१९४३) को अभिप्रेरणाको सिद्धान्त अनुसार मानिसका प्रसस्त इच्छा चाहना र आवश्यकताहरु हुन्छन् । त्यसको परिपूर्ति पश्चात पनि अन्य थप इच्छा आवश्यकता र चाहाना थप भइरहन्छन् । मानिसका कुनै इच्छा, चाहाना पुरा हुन सक्छन् तर चाहाना र आवश्यकताको पूर्णता भने कहिल्यै हुदैन जुन प्राप्तिको लागि मानिस उत्प्रेरित भइरहन्छ । मानिसका अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् जसलाई एक निश्चित क्रमवद्धताको आधारमा छुट्याउन सकिन्छ । मास्लोले निम्नस्तरको धेरै आवश्यकता परिपुर्ति पछि प्राथमिक आधारमा उच्चस्तरको आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुदै जान्छ भन्ने धारणा राखेका छन् । वहाँका अनुसार मानिसका शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यता र आत्म सन्तुष्टिको आवश्यकता गरी पाँच श्रेणीका आवश्यकताको क्रमवद्ध श्रेणी विभाजन गरेको छ (रेग्मी र साथीहरु २०६१) ।

विद्यालयको सेवाक्षेत्र भित्र रहेको आर्थिक रुपले विपन्न सुविधाविहिन र पिछडिएका बालबालिकाले न्यूनतम आधारभूत आवश्यता भित्र पर्ने बस्तु तथा सेवा प्राप्त गर्न नसक्दा शिक्षामा उनीहरुको पहुँच पुग्न नसकेको अवस्था छ । यस्ता विपन्न वर्गका अभिभावकहरुले आफ्ना नानीहरुलाई उचित शिक्षाको व्यवस्था गर्नु भन्दा गाँस, वाँस र लत्ताकपाडाको व्यवस्था तर्फ ध्यान दिनु पर्ने भएको हुँदा शिक्षा तर्फ अगाडी बढ्न सकिराखेका छैनन् । आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरी विद्यार्थीलाई नियमित र शैक्षिक सत्र भरी दिगो रुपले टिकाउन सकेका छैनन् । छोराछोरीलाई विद्यालयमा भर्ना गराए पनि कापि कलम लगायतका स्टेशनरीका समान र विद्यालय पोशाक आदिको व्यवस्था गरी न्यूनतम आधारभूत

आवश्यता पूरा गर्न सकेका छैनन् । यी विविध कारणहरुले गर्दा शैक्षिक क्षति शुन्य बनाइ सिकाइ उपलब्धिस्तर उच्च बनाउनका लागि भनेर राज्यको तर्फबाट पिछडिएका जाति जनजाति, विपन्न वर्ग र छात्राहरुको लागि विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । यस्ता छात्रवृत्तिले ती बालबालिकाहरुको न्यूनतम आवश्यकतालाई परिपुर्ति गर्न सहयोग पुऱ्याइ शैक्षिक उपलब्धि हासिल गर्नका लागि अभिप्रेरित गर्ने भएकाले मास्लोको अभिप्रेरणाको सिद्धान्तले यस अध्ययनलाई पूर्ण गर्न उचित आधार प्रदान गर्न सक्दछ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

कुनै पनि विषयमा अध्ययन गर्नका लागि त्यस विषयमा गरिएका पूर्व अध्ययनको खोज अनुसन्धान आवश्यक हुन्छ । हालसम्म छात्रवृत्ति सम्बन्धि स्थापित सिद्धान्त र ति सिद्धान्त अनुसार भए गरेका खोज तथा अन्य सम्बन्धित साहित्यहरुले यस अध्ययनलाई पूर्ण रुपले सफल बनाउन सहि मार्गदर्शन गर्दछन् । यस अध्ययनमा प्रस्तुत सैद्धान्तिक खाकाले यस अध्ययनलाई अगाडि बढाउन सहयोग गर्दछ । अहिलेसम्म भए गरेका यस विषयसँग सम्बन्धित खोज र तिनीहरुको सम्बन्ध यस अध्ययनसँग स्थापित हुन्छ ।

यस अध्ययनको शीर्षक छनौट गर्न, उद्देश्य निर्धारण गर्न अध्ययनलाई तार्किक निश्कर्षमा पुऱ्याउनका लागि समेत पुनरावलोकनको उपदेयता रहेको पाइन्छ ।

निम्न माध्यमिक तहको कक्षा आठमा वितरण गरिदै आएका छात्रवृत्ति कार्यक्रम सम्बन्धमा पूर्ववर्ती अध्ययन कार्यहरुको जानकारी सम्बन्धित साहित्यको पुनरावलोकबाट प्राप्त गर्न सकिन्छ । पुनरावलोकनबाट नविन खोज गर्न र अध्ययनरतहरुका लागि कार्यक्रमको प्रभावकारी र उद्देश्यमूलक कार्यन्वयनका लागि योजना तर्जुमा गर्न र व्यवस्थापन गर्न मार्गदर्शन प्राप्त हुन्छ ।

हालसम्म भएका खोज कार्य र त्यसले सम्बन्धित क्षेत्रमा पारेको प्रभाव थाहा पाउनका साथै खोज तथा अध्ययन गर्न बाँकी रहेको विषय क्षेत्रहरुको पहिचान गर्न र अझ बढी गहन एवम् व्यवस्थित अध्ययन पूरा गर्न पूर्व साहित्यको समिक्षा र सैद्धान्तिक खाकाले ठूलो मद्दत पुऱ्याउने भएकाले पुनरावलोकनको शैक्षिक उपादेयता प्रष्ट रुपमा झल्कने देखिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनमा बस्तु समस्या प्रक्रिया तथा घटनाहरुलाई यथास्थितिमा वा प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । अध्ययनका क्रममा नमूना छनौट परेका विद्यालयहरुमा शोधकर्ता आफै विद्यालय र सम्बन्धित व्यक्तिहरु समक्ष गइ प्रत्यक्ष रुपले तथ्याङ्क संकलन गरी प्राप्त तथ्य, तथ्याङ्कहरुलाई मिश्रित अनुसन्धानात्मक ढाँचामा व्याख्या विश्लेषण गरी निश्कर्ष प्रस्तुत गरिएको छ । यस अध्ययनमा छात्रवृत्ति वितरण कार्यक्रम संचालन भएपछि विशेषत कक्षा आठमा अध्ययन गरी निम्न माध्यमिक शिक्षा उतीर्ण परीक्षामा सहभागि भएका विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर बारेमा अध्ययन गर्न जनसंख्यालाई निश्चित मिश्रित प्रकारका प्रश्नावली तयार गरी बस्तुगत रुपमा अवस्थाको अध्ययन गरिएको छ र प्राप्त समस्याहरुको समाधानको उपायहरु खोजिएको छ । यसरी नै अन्तरवार्ता, प्रत्यक्ष भेटघाट, छलफल र अवलोकन तथा लिखित दस्तावेदजहरुको अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनको उद्देश्यलाई पुरा गर्न वर्णनात्मक र विश्लेषणात्मक मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना

### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसंख्याको रुपमा झापा जिल्लाको १७ वटा स्रोतकेन्द्र भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु त्यहाँका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष तथा पदाधिकारी साथै अभिभावकलाई लिइएको छ ।

### ३.२.२ नमूना

यस अध्ययनलाई पुरा गर्नका लागि झापा जिल्ला भित्र रहेका १७ वटा स्रोतकेन्द्रहरु मध्ये उत्तरी भागमा अवस्थित शनिश्चरे स्रोत केन्द्रलाई नमूनाको रुपमा लिइएको छ । यस स्रोत केन्द्रका २७ वटा विद्यालयहरु मध्ये ४ वटा विद्यालय सोही विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्षलाई नमूनाको रुपमा लिइएको छ ।

### ३.२.३ नमूनाको आकार

यस अध्ययन कार्यलाई तार्किक निश्कर्षमा पुऱ्याउनका लागि छनौट गरिएको नमूना निश्चित आकार निर्धारण गर्नु पर्ने हुन्छ । जसको लागि आफूले अध्ययन गर्ने क्षेत्रमा रहेका १७ वटा स्रोत केन्द्र मध्ये १, २७ वटा विद्यालय मध्ये ४, २७ जना प्र.अ. मध्ये ४, २७ जना वि.व्य.स. अध्यक्ष मध्ये ४ र सोही ४ वटा विद्यालयका ८ जना शिक्षक, विद्यार्थीहरु मध्ये ७२ जनालाई मुख्यतः उद्देश्यमूलक, सम्भावनायुक्त र सुविधायुक्त नमूना छनौट विधिलाई अवलम्बन गरी अध्ययनलाई पुरा गरिएको छ ।

### २.२.४ नमूना छनौट प्रक्रिया

यस अध्ययन कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि शोधकर्ताले भौगोलिकता र श्रोत साधानको सिमिततालाई ध्यानमा राखि छनौटमा परेका नमूनाहरुबाट आवश्यक तथ्य तथ्याङ्कहरु संकलन गर्न आवश्यक्ता अनुसार उद्देश्यमूलक नमूना छनौट विधि, सुविधायुक्त नमून छनौट विधि र सम्भावना युक्त नमूना छनौट विधिको प्रयोग गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

अध्ययनलाई यथार्थपरक ढंगबाट पूर्णता दिनका लागि तथ्याङ्क संकलन कार्यमा निम्न स्रोतहरुलई उपयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स.का अध्यक्ष र अभिभावकहरुलाई सोधिएका प्रश्नावली अन्तरवार्ता, छलफल, अन्तरक्रिया, अवलोकन फारामबाट प्राप्त सूचना र तथ्याङ्कहरु रहका छन् ।

### ३.३.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत विद्यालयको शैक्षिक तथ्याङ्क विद्यालयको भर्ना बहि, छात्रवृत्ति वितरण सम्बन्धिका अभिलेखहरु, परीक्षाको मार्क लेजर जस्ता अभिलेखहरु प्रयोग गरिएको छ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययन कार्यलाई पुरा गर्नका लागि छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकका अन्तरवार्ता, प्रश्नावलीलाई अनुसन्धानको रुपमा प्रयोग गरिएको छ। छात्रवृत्ति वितरण प्रणाली र प्रकारका वारेमा अध्ययन गर्न छात्रवृत्ति वितरण सम्बन्धि अभिलेखको प्रयोग गरिएको छ । साथै विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर बुझ्न खासगरी मार्क लेजरहरु र अन्य रुजुसूचिहरुको प्रयोग र अध्ययन गरिएको छ । यस अध्ययनलाई तथ्यपरक र विश्वसनिय बनाउन निम्नानुसारका साधनहरुलाई प्रयोग गरिएको छ ।

### क. प्रश्नावली

निम्न माध्यमिक छात्रवृत्ति वितरण कार्यक्रम प्रश्चात विशेषत कक्षा आठ अध्ययन गरेका विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर पत्ता लगाउन छात्रवृत्तिको सिकाइमा सकारात्मक प्रभाव के कति छ ? यसमा अन्य समस्याहरु के छन् ? छात्रवृत्तिलाई सिकाइ उपलब्धि हासिल गर्न के कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा प्र.अ., शिक्षक र अभिभावकका लागि मिश्रित प्रश्नावली तयार पारी प्रयोग गरियो । (प्रश्नावली अनुसूचि १-४ सम्म समावेश छन्)।

### ख. अन्तरवार्ता

निम्न माध्यमिक तहको कक्षा आठमा अध्ययन गरिसकेका र अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर वृद्धि गर्न छात्रवृत्तिको योगदान र प्रभाव पत्तालगाउन विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, प्रतिनिधी अभिभावक तथा छनौटमा परेका विद्यार्थीसँग आवश्यकता अनुसार व्यक्तिगत र सामूहिक अन्तरवार्ता तथा टेलिफोन वार्ता समेत प्रयोग गरियो ।

### ग. विद्यालय सर्वेक्षण फाराम

विद्यालयको विभिन्न पक्षहरुको अध्ययन विश्लेषण गर्न विद्यालय सर्वेक्षण फाराम निर्माण गरी प्रयोग गरिएको छ। विद्यालयमा विभिन्न शिर्षकमा वितरण गरिदै आएको छात्रवृत्ति र यसले शैक्षिक क्षति न्यूनिकरण गरी सिकाइ उपलब्धि स्तर वृद्धि गर्न खेलेको भूमिका वारे सूचना संकलन गर्न विद्यालयका विभिन्न अभिलेखहरुको अध्ययन गरी सूचना प्राप्त गरिएको

छ र प्राप्त सुचनाहरुबाट निश्कर्ष निकालियो । (सर्वेक्षण फारमको नमूना अनुसूचि ५-१५ सम्म समावेश छन्)

### घ. समूह छलफल

तथ्याङ्क संकलनको साधनको रुपमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु तिनका अभिभावकहरुसँग र विद्यार्थीसँग पनि आवश्यकता अनुसार छलफल चलाइ आवश्यक सूचना र तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

### ङ. दस्तावेज अध्ययन

विद्यालयले विभिन्न विषयमा तयार पारेका अभिलेख, दस्तावेजहरु पूर्व साहित्यको अध्ययन, सम्बन्धित विषयमा व्यक्त भएका विचारहरु समेतले यस अध्ययनलाई अगाडि बढाउन मार्गदर्शन गर्ने हुँदा यस्ता दस्तावेजहरु यो अध्ययनका तथ्याङ्क संकलनका उपयोगी साधनका रुपमा प्रयोग गरियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनले निर्धारण गरेको उद्देश्य पुरा गर्न परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका सूचना र तथ्याङ्कहरु आवश्यक पर्ने भएकाले सोही अनुसार कुन कार्य कहिले र कसरी गर्ने भन्ने योजनाले निर्देशन गर्ने भएकाले तथ्याङ्क संकलन कार्य सरल र सहज हुन सक्ने अपेक्षा गरिन्छ । तथ्याङ्क संकलन गर्दा शोधकर्ता सम्बन्धित विद्यालयमा आफै गइ त्यस विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकसँग सम्बन्ध स्थापित गरी अध्ययनको प्रयोजन सम्बन्धमा जानकारी गराइ सरोकारवालाबाट सत्य तथ्य सूचना प्राप्त गर्ने प्रयास रहेको छ । प्राथमिक तथ्याङ्कहरु मौलिक हुने भएकोले सोधकर्ता आफैले प्रश्नावली, अन्तरवार्ता, अवलोकन फारम आदि निर्माण गरी सम्बन्धित व्यक्तिहरुसँग अनुमति र स्वीकृत प्राप्त गरी स्थलगत क्षेत्रबाट नै सूचना तथ्याङ्क र विचारहरु संकलन गरिएको छ ।

यस अध्ययनको साधनहरुको औपचारिक रुपमा बैधता परिक्षण नगरिएता पनि अध्ययनलाई भरपर्दो र विश्वासनीय बनाउन साधन निर्माण गर्दा उद्देश्य प्राप्त गर्न सकिने गरी अन्य सम्बन्धित खोज, अनुसन्धान, लेख रचना तथा पुस्तकको अध्ययन, आन्तरिक

सुपरीवेक्षक, अन्य गुरु वर्ग तथा सहपाठी मित्रहरुसँग परामर्श, छलफल गरी प्राप्त सल्लाह, सुझाव र निर्देशन अनुसार थप परिमार्जन तथा परिस्कृत गरी साधनको वैधता निर्धारण गरेर प्रयोग गरिएको छ ।

विद्यार्थीको सिकाइ उपलब्धि स्तर सम्बन्धमा जानकारी प्राप्त गर्ने उद्देश्यले विद्यार्थी संख्या, लिङ्ग, उपस्थिती र सिकाइ उपलब्धि जस्ता शैक्षिक तथ्याङ्क स्थलगत सर्वेक्षण फारम भरेर संकलन गरिएको छ । सम्बन्धित विद्यालयको शिक्षकबाट विद्यार्थीको सिकाइ व्यवहारको अवलोकन गरेर रुजुसूचि भराइ सूचना संकलन गरिएको छ । विद्यार्थीको सिकाइ उपलब्धि स्तरको अवस्था, त्यसमा प्रभाव पार्ने तत्वहरु, सिकाइ उपलब्धिमा सुधार गर्ने उपायहरु पत्ता लगाउन सरोकारवाला विभिन्न व्यक्तिहरुसँग छलफल, अन्तरवार्ता, अन्तरक्रिया गरी तथा प्रश्नावली भराइ आवश्यक सुझावहरु संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

सोधकर्ताले आफ्नो अध्ययनको सम्बन्धित क्षेत्रबाट तथ्याङ्क संकलन गर्ने कार्य पुरा भएपछि संकलित सूचना तथा तथ्याङ्कहरुलाई स्रोत र विषयबस्तुका आधारमा छुट्टाछुट्टै रुपमा तालिकीकरण गरिएको छ । अन्तरवार्ता, प्रश्नावली, लिखित दस्तावेज, अध्ययन, अवलोकन आदिबाट प्राप्त सूचना, रिपार्ट र तथ्याङ्कहरुलाई आवश्यकता अनुसार स्तम्भचित्र, रेखाचित्रका साथै अन्य विधिहरुको प्रयोग गर्दै व्याख्या विश्लेषण गरिएको छ । विद्यार्थीले छात्रवृत्ति नपाउँदा सिकाइ उपलब्धिस्तर र छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धिस्तरको तुलनात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

त्यसै गरी लिखित दस्तावेजहरु र कक्षा आठको निम्न माध्यमिक उतीर्ण परीक्षामा सामेल भएका छात्रवृत्ति प्राप्त गरेका र छात्रवृत्ति प्राप्त नगरेका विद्यार्थीहरुको विभिन्न विषयमा हासिल गरेको प्राप्ताङ्क, छात्रवृत्ति प्राप्त गरेका दलित तथा गैरदलित विद्यार्थीहरुले हासिल गरेको प्राप्ताङ्क शै.स. २०६९-०७१ सम्मको मार्क लेजरबाट हेरी सिकाइ उपलब्धिस्तरको तथ्याङ्क शास्त्रीय आधारमा तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ । नमूना छनौटको जनसंख्याबाट प्राप्त राय, विचार, सूचना तथा तथ्याङ्कको पनि तुलनात्मक व्याख्या विश्लेषण गरी तार्किक निष्कर्षबाट प्रमाणीकता सुनिश्चित गरिएको छ ।

# परिच्छेद चार : नतिजाको व्याख्या तथा विश्लेषण

नमूना छनौटमा परेका विद्यालयहरुबाट संकलित तथ्याङ्क सूचना एवम् जानकारीहरुलाई संख्यात्मक ढाँचामा र तालिकाहरुमा प्रस्तुत गरी तथ्याङ्कहरुको व्याख्या विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ। प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरुलाई विभिन्न शीर्षकहरुमा विभाजन गरी गणीतिय नतिजालाई विभिन्न सिकाइ सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गरिएको छ । विशेषत निम्न माध्यमिक तहमा वितरण गरिदै आएको छात्रवृत्तिलाई उद्देश्य मूलक र प्रभावकारी ढंगबाट उपयोगमा ल्याउन सकेको खण्डमा विद्यार्थीहरुको सिकाइ उपलब्धि अपेक्षाकृत हुन सक्ने र यसभन्दा माथिल्ला तहहरुमा पनि शैक्षिक उपलब्धिमा पनि सुधार भइ राज्यले चाहेजस्तो जनशक्ति उत्पादन गर्नमा समेत थप टेपा पुग्ने देखिन्छ ।

यस अध्ययनमा झापा जिल्लाको शनिश्चरे स्रोत केन्द्र भित्र नमूना छनौटमा परेका सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक विद्यार्थी र अभिभावकहरुबाट संकलित सूचना र तथ्याङ्क तथा प्राथमिक र द्वितिय दुवै स्रोतबाट प्राप्त भएका तथ्य-तथ्याङ्क र सूचनाहरुलाई विभिन्न शिर्षकहरुमा विभाजन प्रस्तुत गरी तालिकिकरण र विवेचना, व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनको उद्देश्य पुरा गरी निम्न माध्यमिक तहमा वितरण गरिदै आएको छात्रवृत्ति वितरणको कार्यक्रमबाट खास गरी कक्षा आठका विद्यार्थीहरुको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन विश्लेषण गरी निस्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## ४.१ छात्रवृत्ति वितरणको अवस्था

नेपाल सरकारले वि.सं. २०५३/०५४ देखि छात्रवृत्ति वितरण कार्यक्रम प्राथमिक तहबाट नै लागु गर्दै आएको पाइन्छ। निम्न माध्यमिक तहमा भने २०६७ पछि १००% छात्रा छात्रवृत्तिको समेत कार्यान्वयनमा ल्याइएको पाइन्छ। यस वाहेक दलित छात्रवृत्ति, सिमान्तकृत छात्रवृत्ति, द्वन्दपिडित छात्रवृत्ति र अपाङ्ग छात्रवृत्ति पनि कार्यान्वयनमा रहेका छन् । यी जुन सुकै प्रकारका छात्रवृत्ति नगद वा जिन्सीका रुपमा वितरण गरिदै आएता पनि सिद्धान्त अनुसार छात्रवृत्तिले विद्यार्थीलाई भौतिक बस्तु प्राप्त हुन्छ र यसले विद्यार्थीलाई उत्साह जाँगर र उत्प्रेरणा पैदा भइ अध्ययन कार्यमा निरन्तर रुपमा लगाव रहने मनोबैज्ञानिक तथ्य छ ।

राज्यले सवैका लागि शिक्षा अन्तर्गत शिक्षामा समान पहुँच गुणस्तरमा सुधार गर्नका लागि वि.सं. २०६८ सम्ममा विद्यालयमा धेरै प्रकारका छात्रवृत्ति कार्यक्रम ल्याइसकेको छ । यसको कार्यान्वयन सँगै शिक्षाको पहुँचबाट अलग रहेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मूलधारमा प्रवाहित गर्दै विद्यालयमा उनीहरुलाई भित्र्याउन, टिकाउन र सिकाउनका लागि महत्वपूर्ण उत्प्रेरक बस्तुको रुपमा छात्रवृत्ति रकमलाई लिएको पाइन्छ र यसले सोही अनुसारको प्रतिफल दिन पनि सक्नु पर्दछ ।

यस अध्ययनको क्रममा नमूना छनौटमा परेका विभिन्न विद्यालयहरुबाट प्राप्त छात्रवृत्ति वितरण सम्बन्धि तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. १ छात्रवृत्ति वितरण सम्बन्धि विवरण:

| क्र सं. | विद्यालयको नाम | शैक्षिक सत्र | जम्मा विद्यार्थी | १००% छात्रा छात्रवृत्ति | दलित छात्रवृत्ति | सिमान्तकृत छात्रवृत्ति | द्वन्द पिडित छात्रवृत्ति | जम्मा कोटा | छात्रवृत्ति पाउने % |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनता उ.मा.वि. खुदुनावारी | २०६९ | ९६ | ४९ | १३ | – | – | ६२ | ६४.५८ |
| | | २०७० | ९२ | ५० | ०७ | – | – | ५७ | ६१.९६ |
| | | २०७१ | ८९ | ३५ | १७ | – | – | ४९ | ५५.०५ |
| २ | सिंहदेवी मा.वि. खुदुनावारी | २०६९ | ७५ | २७ | ११ | ३ | – | ४१ | ५४.६६ |
| | | २०७० | ७५ | ३२ | १२ | ४ | – | ४८ | ६४.०० |
| | | २०७१ | ९५ | ४१ | १३ | ४ | – | ५८ | ६१.०५ |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. शनिअर्जुन | २०६९ | २७ | १० | ०६ | – | – | १२ | ४४.४४ |
| | | २०७० | २७ | ०६ | ०७ | – | – | १७ | ६२.९६ |
| | | २०७१ | १७ | ०६ | ०६ | – | – | १२ | ७०.५८ |
| ४ | भिमले नि.मा.वि. खुदुनावारी | २०६९ | १७ | ०६ | ०१ | – | – | ०७ | ३५.२९ |
| | | २०७० | १४ | ०९ | ०१ | – | – | १० | ७१.४२ |
| | | २०७१ | १९ | ११ | – | – | – | ११ | ५७.८९ |

स्रोत : स्थलगत अध्ययन २०७०

माथिको तालिकालाई अध्ययन गर्दा नमूना छनौटमा परेका ४ वटा विद्यालयहरुको शैक्षिक सत्र २०६९-०७१ सम्म ३ वर्षको कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरुले प्राप्त गरेको छात्रवृत्ति वितरण सम्बन्धि विवरणमा हेर्दा उक्त वर्षमा १००% छात्रवृत्ति र दलित छात्रवृत्ति सवै

विद्यालयले वितरण गरेको देखिन्छ भने सिमान्तकृत छात्रवृत्ति भने सिंहदेवी मा.वि.ले मात्र वितरण गरेको पाइयो । साथै द्वन्द पिडित छात्रवृत्ति भने ती वर्षहरुमा कुनै विद्यालयमा पनि वितरण गरेको देखिदैन । ती प्रत्येक विद्यालयहरुको छात्रवृत्ति प्राप्त नगर्ने भन्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या तथा प्रतिशत उच्च देखिन आउछ । यसबाट के स्पष्ट हुन आउछ भने राज्यद्वारा वितरण गरिदै आएको निम्न माध्यमिक तहको १००% छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति अधिकांस विद्यार्थीले प्राप्त गरेको देखिन्छ । यसकारण छात्रवृत्तिलाई उद्देश्यमूलक र प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकेको खण्डमा मनोबैज्ञानिकहरुको सिद्धान्तले बताए जस्तै विद्यार्थीहरुमा उत्प्रेरणा जगाइ अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन सकिन्छ ।

### ४.१.१ छात्रवृत्ति वितरण गर्ने तरिका

कुनै पनि विद्यालयमा वितरण गरिने छात्रवृत्ति क-कसलाई दिने ? के के दिने ? कति दिने ? कसरी दिने ? जस्ता प्रश्नका उत्तर राज्यले बनाएको नीति अनुरुप हुने भएकाले यस प्रक्रियामा केन्द्रिय तह, जिल्ला तह र स्थानीय तहको संयुक्त प्रयासमा कार्य विभाजन गरी सोही अनुसार सञ्चालन हुदै आएको देखिन्छ । केन्द्रिय तहमा छात्रवृत्ति र वितरण सम्बन्धि आवश्यक नीति निर्माण गर्ने वजेट तयार गर्ने तत्लो तहसँग विद्यार्थीको तथ्याङ्क माग गर्ने र रकम निकासा गर्ने कार्य गर्दछ । त्यसरी नै जिल्ला तहबाट स्थानीय तहसँग विद्यार्थीको सम्पूर्ण तथ्याङ्क विवरण माग गरी केन्द्रमा पठाउने कार्यका साथै केन्द्रबाट प्राप्त रकम विद्यालय तहमा निकासा दिने छात्रवृत्ति वितरण गर्न लगाउने र त्यसको निर्देशन, निरिक्षण, अनुगमन गर्ने प्रक्रिया पुरा हुन्छ ।

विद्यालय तह खासगरी छात्रवृत्ति वितरण र कार्यान्वयन गर्ने प्रमुख निकाय हो । केन्द्रिय तहबाट विनियोजित र जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको छात्रवृत्तिको वजेट रकम आ-आफ्नो विद्यालयका छनौट कोटामा परेका विद्यार्थीलाई वितरण गर्ने कार्य विद्यालय तहबाट हुने गर्दछ । यस विषयमा नमूना छनौटमा परेका विद्यालयमा अध्ययन गर्दा ती विद्यालयहरुले छात्रवृत्ति रकम वितरण गर्दा खास औपचारिक कार्यक्रम नगरीकन नै विद्यार्थीका बाबु आमा वा अन्य संरक्षकको रोहबर विद्यार्थीलाई उपस्थित गराइ वितरण गरेको पाइयो । यस सम्बन्धमा निम्न तालिकामा पनि देखाइको छ ।

तालिका २ : छात्रवृत्ति वितरण गर्ने तरिका

| क्र. सं. | विद्यालयको नाम | छात्रवृत्ति बुझ्न आउने व्यक्ति | | | छात्रवृत्तिको स्वरुप | | हस्ताक्षर गर्ने व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | बुवा % | आमा% | अन्य संरक्षक% | नगद | जिन्सी | |
| १ | श्री जनता उ.मा.वि. खुदुनावारी | २५ | ५३ | २२ | √ | – | विद्यार्थी |
| २ | सिंह देवी मा.वि. खुदुनावारी | ३२ | ५५ | १३ | √ | – | विद्यार्थी |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. शनिअर्जुन न.पा. | २७ | ४८ | २५ | √ | – | विद्यार्थी |
| ४ | भिमले नि.मा.वि. खुदुनावारी | ३७ | ४३ | २० | √ | – | विद्यार्थी |
| | **जम्मा** | **१२१** | **१९९** | **८०** | | **–** | |
| | **औषत** | **३०.२५** | **४९.७५** | **२०** | | **–** | |

श्रोत : स्थलगत अध्ययन २०७२

माथिको तालिका अध्ययन गर्दा छात्रवृत्तिको रकम बुझ्नको लागि औषत रुपमा ३०.२५% बाबु, ४९.७५% आमा र २०% अन्य संरक्षकहरु समेत विद्यालयमा आइ छात्रवृत्ति बुझ्ने गरेको देखिन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने विद्यार्थी स्वयम्ले छात्रवृत्ति प्राप्त गरेपछि आफ्नो सिकाइ उपलब्धिका निम्ति खर्च गर्नु पर्नेमा कतिपय अभिभावकहरुले आफ्नो तजविज अनुसार जुनसुकै काममा पनि खर्च गर्ने गरेको अवस्था देखिन्छ भने सचेत र शिक्षित अभिभावकले विद्यार्थीहरुलाई नै कापी, कलम, पोसाक तथा स्टेशनरीका सामान खरिद गर्नका लागि नै खर्च गर्ने गरेको अध्ययनबाट थाहा भएको छ । वास्तवमा विद्यार्थीहरुले प्राप्त गर्ने गरेको यस्तो छात्रवृत्तिको रकमलाई उनीहरुको शिक्षाका लागि खर्चिनु पर्ने र विद्यार्थी स्वयम्ले पनि आफूले

छात्रवृत्ति प्राप्त गरेको अनुभूति भएमा यसले उत्प्रेरकका रुपमा सिकाइ उपलब्धि प्राप्त गर्न सहयोगि सिद्ध हुने देखिन्छ ।

यस अध्ययन क्षेत्रभित्रका विद्यालयमा छात्रवृत्ति वितरण गर्ने तौरतरिका खासै प्रभावकारी र उपयुक्त देखिदैन किनकी छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति रकमको महत्व यसले विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने प्रभाव यसको दुरुपयोग वेफाइदा आदि वारेमा विद्यालयले विद्यार्थी र अभिभावकलाई सचेत र सु-सूचित नगराइ छात्रवृत्ति वितरण गर्ने गरेको पाइयो । त्यसैले यसलाई वितरण गरिदिए पुग्छ भन्ने औपचरिकतामा सिमित नराखी दिर्घकालिन सोचका साथ यसका सम्पूर्ण फाइदा वेफाइदा वारेमा सु-सूचित गराइ, विशेष औपचारिक कार्यक्रम गरी वितरण गर्ने गरेमा विद्यार्थीमा पढाइ, लेखाइ प्रति हौसाल जागृत भइ ज्ञान, सीप र अभिवृत्ति तर्फको सिकाइ उपलब्धि हासिल हुने र शैक्षिक क्षति न्यूनिकरण गर्नमा ठूलो सहयोग पुग्ने देखिन्छ ।

### ४.१.२ छात्रवृत्ति वितरणको स्वरुप

छात्रवृत्ति वितरणका शुरु शुरुका वर्षहरुमा प्राथमिक तहमा विद्यालयले कापी, पेन्सिल, झोला तथा स्कूल पोषाक समेत जिन्सी समानहरु वितरण गरिएको भएतापनि शैक्षिक वर्ष २०६५ पश्चात नगद रकम नै वितरण गर्दै आएको देखिन्छ । यस्ता जिन्सी सामानहरु वितरण गर्दा सवै विद्यालयहरुमा समान गुणस्तर र समान परिमाण नहुने भएकाले विवाद समेत निम्त्याउने सम्भावना रहन्छ । त्यसैले नगदलाई छात्रवृत्तिका रुपमा वितरण गर्नाले वितरणमा समानता ल्याउन सकिने र यस्तो विवादबाट समेत मुक्त रहन सकिने हुन्छ । तर छात्रवृत्तिको स्वरुप नगद वा जिन्सी जे भएपनि वितरण गरिसकेपछि यसले विद्यार्थीको सिकाइ प्रतिको उत्साह जगाउन सक्नु सकारात्मक पाटा पक्ष हुन आउछ ।

### ४.१.३ छात्रवृत्ति वितरणको समय

नमूना छनौटमा परेका विद्यालयहरुको अध्ययन गर्ने क्रममा छात्रवृत्ति वितरणको समय प्रत्येक शैक्षिक सत्रमा १ पटक गर्ने गरेको पाइयो । तर छात्रवृत्ति वितरण गर्दा प्रत्येक विद्यालयले आफ्नो अनुकुल पारेर अलग अलग समयमा गर्ने गरेको पाइयो । जसमा छनौटमा परेका विद्यालय मध्ये कुनैले शैक्षिक सत्रको शुरु भएको पहिलो ३ महिना भित्रमा, कुनै विद्यालयले शैक्षिक सत्रको मध्यसम्ममा र कुनैले शैक्षिक सत्रको अन्त्यमा समेत वितरण गर्ने गरेको पाइयो

। यसै क्रममा विद्यालयसँग सरोकार राख्ने व्यक्तिहरुसँगको भेटवार्ता, छलफल, परामर्श र प्रश्नावलीका आधारमा खोज अध्ययन गर्दा छात्रवृत्ति वितरणको उपयुक्त समयका वारेमा निम्नानुसारको सुझाव र विचार प्राप्त भएको छ ।

जुनसुकै छात्रवृत्ति प्राथमिक तहदेखि माध्यमिक तहसम्मको वितरण गर्ने उपयुक्त समय कुन हुन्छ भनी सोधिएको प्रश्नमा ६७.१५% ले शैक्षिक सत्रको शुरुमा, २५.३५% ले शैक्षिक सत्रको मध्यमा र ७.५०% ले शैक्षिक सत्रको अन्त्यमा उपयुक्त हुन्छ भन्ने सुझाव प्राप्त भयो । माथि प्राप्त भएका विभिन्न उत्तर र सुझावलाई मध्यनजर गर्दा अधिकांशले शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गर्न उपयुक्त समय भएको बताएका छन् भने दोस्रो स्थानमा मध्यतिर उपयुक्त हुने उत्तर प्राप्त भएको छ भने शैक्षिक सत्रको अन्त्यमा उपयुक्त समय हुने भन्नेमा ज्यादै थोरै मात्र सुझाव प्राप्त भएको छ ।

वास्तवमा शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गर्दा र विद्यार्थीले प्राप्त गर्दा विपन्न वर्गका विद्यार्थीहरुलाई सोही समयमा नै आफूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु खरिद गर्न आर्थिक रुपले मद्दत पुग्नुका साथै पढाइ लेखाइ प्रति उत्साह र उत्प्रेरणा जागृत हुने, विद्यालयको विद्यार्थी भर्नादर वृद्धि हुने, विद्यार्थीको विद्यालयमा नियमितता बढ्ने र समष्टिमा सिकाइ उपलब्धिस्तर समेत वृद्धि हुन जान्छ । तर शैक्षिक सत्रको मध्य र अन्त्य तिर छात्रवृत्ति वितरण गर्दा विपन्न विद्यार्थीलाई शैक्षिक सामग्रीहरु खरिद गर्न उपयुक्त समयमा सहयोग गर्न नसक्ने भएकाले उनीहरुले छात्रवृत्तिको प्रत्यक्ष अनुभूति र हौसला महशुस नगर्ने भएकाले विद्यार्थीमा छात्रवृत्तिले पुर्नवलयुक्त उत्तेजनाको रुपमा कार्य गर्न नसक्ने देखिन्छ । त्यसैले छात्रवृत्ति रकम विद्यार्थीलाई हरेक शैक्षिक सत्रको शुरु शुरुमा नै वितरण गर्नु अति उपयुक्त हुन्छ भने मध्यसम्ममा पनि सामान्य हुने र शैक्षिक सत्रको अन्त्यमा वितरण गर्दा धेरै ढिला भइ विद्यार्थीको सिकाइमा अपेक्षित सुधार गर्न नसकिने देखिन्छ । साथै छात्रवृत्ति रकमलाई वर्षको एक पटक मात्र नभइ एक शैक्षिक सत्र भित्र पटक पटक गरी वितरण गर्नाले विद्यार्थीको ज्ञान, सीप र व्यवहार पक्षको सिकाइ तर्फ उच्चतम उपलब्धि हासिल हुन सक्ने देखिन्छ ।

### ४.१.४ छात्रवृत्ति रकमको प्रयोग

कुनै पनि कार्यक्रमको निम्ति लगानी गर्दैमा र उक्त कार्यक्रम कार्यान्यन हुदैमा यसलाई पुर्ण सफल भएको मान्न सकिदैन । कार्यक्रमले सफलता प्राप्त गर्नका लागि त्यसको निर्धारित

लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न सकिएको हुनु पर्दछ। त्यसरी नै छात्रवृत्ति कार्यक्रम पनि उद्देश्य अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको छ कि छैन ? लक्ष्य उन्मुख छ कि छैन ? भनी थाहा पाउनु महत्वपर्ण पक्ष हो। निम्न माध्यमिक तहमा वितरण भइरहेको छात्रवृत्तिले विशेषत: कक्षा आठका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा के कति सकारात्मक रुपले प्रभाव पारेको छ भनी नमूना छनौटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, अभिभावकसँग गरिएको छलफल, अन्तरवार्ता, प्रश्नावली र धारणाबाट प्राप्त प्रतिक्रिया र सुझावहरुलाई यो अध्ययन सफलताको राम्रो आधारका रुपमा लिन सकिन्छ।

निम्न माध्यमिक तहको खासगरी कक्षा आठमा वितरण गरिएको छात्रवृत्तिको रकमलाई शैक्षिक गुणस्तर वृद्धि गर्न र अन्य कार्य मध्ये के का लागि उपयोग गर्ने गरेको छ भनी गरिएको प्रश्नमा शिक्षक, अभिभावक र विद्यार्थीको अलग अलग धारणा र विचार प्राप्त भएको छ। जसमध्ये ५०% भन्दा बढी छात्रवृत्तिको रकम शैक्षिक उपलब्धिमा भन्दा अन्य फजुल कार्यमा खर्च भएको देखिन आउछ भने ४० देखि ४५% रकम मात्र सचेत अभिभावकहरुले शैक्षिक कार्यका लागि खर्च गर्ने गरेको जानकारी प्राप्त भएको छ। यसरी शैक्षिक गुणस्तर अभिवृद्धिका निम्ति विपन्न वर्गका विद्यार्थीहरुलाई प्रत्यक्ष रुपले केही मात्रामा भएपनि आर्थिक सहयोग जुटाइ शैक्षिक कार्यमा लगानी गर्न प्रदान गरिएको छात्रवृत्तिको रकम ठूलो मात्रामा अनुत्पादक क्षेत्रमा खर्च हुनाले यसले विद्यार्थीको सिकाइ उपलब्धिमा कुनै प्रकारको सहयोग पुऱ्याउन नसक्ने छर्लङ्ग देखिन्छ। जव अभिभावकहरुमा पुर्णरुपले सचेतना अभिवृद्धि भइ छात्रवृत्ति रकमलाई विद्यार्थीको शिक्षाकै निम्ति खर्च गर्न चाहादैनन् तवसम्म यसका कार्यले सहि लक्ष्य प्राप्त गर्न सक्दैन।

यी माथि उल्लेख भएका व्याख्या विश्लेषण छात्रवृत्ति वितरणको अवस्था के कस्तो रहेको छ भनी नमूना छनौटमा परेका विद्यालयहरुको अध्ययनका क्रममा प्राप्त भएको सूचना तथा तथ्याङ्क र तिनीहरुका व्याख्या विश्लेषण हुन। तालिका १ मा उल्लेख भए बमोजिम निम्न माध्यमिक तहको कक्षा आठमा ४ देखि ५ प्रकारका छात्रवृत्तिको व्यवस्था राज्यले गर्दै आएको भए पनि हरेक वर्ष सवै विद्यालयमा सम्पूर्ण प्रकारका छात्रवृत्ति वितरण गरिएको अवस्था पाइएन। वितरण गरिएका छात्रवृत्तिले पनि अधिकांशलाई समेटेको भए पनि अझै केही विद्यार्थीलाई समेट्न बाँकी रहेको, वितरण प्रक्रिया प्रभावकारी नभएको, वितरण गर्ने समयमा पनि एकरुपमा नभएको आदि कारणले गर्दा छात्रवृत्तिले उपयुक्त ढंगबाट विद्यार्थीमा पुर्नवलयुक्त

उत्तेजना पैदा गराइ प्रतिफल प्राप्त गर्न नसकिएको र छात्रवृत्तिको रकमलाई विद्यार्थीको शैक्षिक उपलब्धि प्राप्ति गर्नमा सदुपयोग हुन नसकेको जस्ता मिश्रित प्रतिक्रिया र विचारधाराबाट छात्रवृत्तिले यस कक्षामा अध्ययन गर्ने विद्यार्थीको संख्यात्मक रुपले वृद्धि गरेता पनि गुणात्मक रुपले भने खासै वृद्धि गर्न नसकेको स्पष्ट हुन आउँछ ।

उपर्युक्त व्याख्या, विश्लेषण, विचारधारा, सुझावहरुको निष्कर्षमा भन्नु पर्दा वि.एफ. स्कीनरको कार्यपरक सम्वद्ध सिकाइ सिद्धान्त अनुसार प्राणीमा उत्तेजना पैदा गराउन सकेमात्र सिकाइ हुन्छ र त्यो उत्तेजना पुर्नवलयुक्त हुनु पर्दछ । यहाँ छात्रवृत्तिले विद्यार्थीमा सिकाइ प्रति उत्तेजना पैदा गर्नु पर्दछ । तर छात्रवृत्ति कार्यक्रमले सवै विद्यार्थीलाई समेटी बैज्ञानिक र उद्देश्य मूलक बनाउन अपेक्षित रुपमा नसकेकोले स्कीनरको सिद्धान्त हुबहु रुपमा यहाँ लागू हुन नसकेको देखिन्छ त्यसरी नै थर्नडाइकको सम्वलनको सिद्धान्त अनुसार सकारात्मक सम्वलनले विद्यार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्नु पर्ने, अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार न्यूनस्तरका आवश्यकताहरु पुरा गर्न छात्रवृत्तिले सहयोग गर्ने जस्ता सिकाइ सम्बन्धि सिद्धान्तहरुलाई प्रभावकारी ढंगबाट सिकाइमा लागु हुन नसकेकोले छात्रवृत्ति रकमलाई व्यवस्थित, बैज्ञानिक, उद्देश्यउन्मुख एवम् उपलब्धिमूलक बनाउन सम्पूर्ण सरोकारवालाहरुको तर्फबाट चासो नदिएको देखिन्छ ।

## ४.२ छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने प्रभावको खोजी

बालबालिकाहरु भावनात्मक कुरा भन्दा भौतिक बस्तुको प्राप्तिमा बढी मात्रामा उत्तेजित हुने र तुरुन्त प्रतिक्रिया व्यक्त गर्ने तथ्य मनोबैज्ञानिक विषयसँग आधारित छ । यसै तथ्यलाई आधार मानेर विद्यालयहरुमा छात्रवृत्ति कार्यक्रम कार्यान्वयन हुदै आएका छन् । प्राथमिक तहमा वितरित छात्रवृत्ति कार्यक्रमले बालबालिकालाई आकर्षित गरेर विद्यालयमा भित्र्याउने, टिकाउने र सिकाउने कार्य तर्फ जोड दिएको छ भने निम्न माध्यमिक र माध्यमिक तहमा कार्यान्वयन भएको छात्रवृत्तिले विद्यार्थीलाई उनीहरुको न्यूनतम आवश्यकत पुरा गर्दै त्यसको प्रत्यक्ष अनुभूतिबाट सिकाइ उपलब्धिस्तर अपेक्षित मात्रामा सुधार गर्न योगदान पुऱ्याउनु पर्ने र उच्च शिक्षाको लागि दरिलो आधार तयार गर्ने मुख्य उद्देश्य रहेको पाइन्छ । यसै पृष्टभूमिमा यो अनुसन्धानात्मक अध्ययन **छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धिस्तर** शिर्षकमा आधारित भइ अगाडि बढेको छ । यसमा छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भनी पत्ता लगाउन विभिन्न औजारहरु प्रयोग गरी

प्राप्त सूचना र तथ्याङ्कहरुलाई विभिन्न शीर्षकमा विभाजन गरी गणितीय नतिजालाई व्याख्या, विश्लेषण गरेर निश्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

### ४.२.१ विद्यार्थी नियमितताको अवस्था

हरेक विद्यालयले आफ्ना सम्पूर्ण विद्यार्थीहरु शैक्षिक सत्रको शुरु भएदेखि अन्त्यसम्म नै नियमित रुपमा कक्षामा उपस्थित हुन भन्ने चाहेको हुन्छ । किनकी यदि विद्यार्थीको कक्षामा नियमितता भयो भने उसले हासिल गर्ने ज्ञान, सीप र अभिवृत्ति पक्षका सिकाइ उपलब्धि प्राप्त गर्न सहज हुन्छ । विद्यार्थीको नियमितताले सिकाइ उपलब्धिस्तर निर्धारण गर्ने हुदा यसको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार बार्षिक रुपमा न्यूनतम् २२० दिन विद्यालय खुल्नु पर्दछ र पढाइ सञ्चालन न्यूनतम १८० दिन हुनु जरुरी देखिन्छ ।

यसै अध्ययनको क्षेत्र अन्तर्गत रहेका विद्यालयहरुको अध्ययन गर्ने क्रममा सिंहदेवी मा.वि. २२७ दिन सवैभन्दा बढी विद्यालय खुलेको र जनता उ.मा.वि. २१७ दिन सवैभन्दा कम विद्यालय खुलेको रहन गएको छ । यो शैक्षिक सत्र २०७० को अवस्थालाई हेर्दा सिंहदेवी मा.वि. सवैभन्दा बढी २०८ दिन पढाइ सञ्चालन हुने विद्यालय र सवैभन्दा कम २०२ दिन पढाइ सञ्चालन हुने विद्यालय जनता उ.मा.वि. र अर्जुनधारा आदर्श संस्कृत मा.वि. रहेका छन् । छात्रवृत्ति प्राप्त गर्ने र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको औषत उपस्थितिलाई तुलनात्मक अध्ययन गर्दा अधिकांस विद्यालयहरुमा छात्रवृत्ति पाउने विद्यार्थीको उपस्थिति बढी देखिन्छ । जसमध्ये जनता उ.मा.वि.को छात्रवृत्ति पाउने विद्यार्थीको औषत उपस्थिति १७६.५२ र छात्रवृत्ति नपाउनेको औषत उपस्थिति १७५.१५ देखिन आउछ । त्यसरी नै सिंहदेवी मा.वि.को छात्रवृत्ति पाउने विद्यार्थीको औषत उपस्थिति १८७.५ र छात्रवृत्ति नपाउने विद्यार्थीको १८४.२६ रहन गएको छ । साथै अर्जुनधारा आदर्श संस्कृत मा.वि.को छात्रवृत्ति पाउने विद्यार्थीको औषत उपस्थिति १७९.२५ र छात्रवृत्ति नपाउनेको १८०.०२ रहेको देखिन्छ भने भिमले नि.मा.वि.को छात्रवृत्ति पाउने विद्यार्थीको औषत उपस्थिति १८१ र छात्रवृत्ति नपाउने विद्यार्थीको १७८.२५ रहन गएको देखिन्छ । माथिका तथ्याङ्कहरुलाई विश्लेषण गर्दा छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी नियमिततामा अपेक्षित सुधार गर्न सकेको देखिदैन तर आंशिक मात्रामा भएपनि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नियमितता बढी देखिन्छ । यस अध्ययन क्षेत्रभित्र रहेका विद्यालयहरुको नियमितताको अवस्थालाई तालिका ३ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।


## तालिका ३ : विद्यार्थी नियमितताको अवस्था (शैक्षिक सत्र २०७०)

| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | विद्यालय संचालन भएको दिन | छात्रवृत्ति पाउने | | | छात्रवृत्ति नपाउने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा विद्यार्थी | जम्मा उपस्थिति | औषत उपस्थिति | जम्मा विद्यार्थी | जम्मा उपस्थिति | औषत उपस्थिति |
| १ | जनता उ.मा.वि. | २१७ | २०२ | ५७ | १००६२ | १७६.५२ | ३५ | ६१३० | १७२.१५ |
| २ | सिंहदेवी मा.वि. | २२७ | २०८ | ४८ | ९००० | १८७.५ | २७ | ९९७५ | १८४.२६ |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. | २१८ | २०२ | १७ | ३०४७ | १७९.२५ | १० | १८०२ | १८०.२ |
| ४ | भिमले नि.मा.वि. | २१८ | २०७ | १० | १८१० | १८१ | ०४ | ७१३ | १७८.२४ |

स्रोत : विद्यालयको अभिलेख

तालिका ३ को विद्यार्थी नियमितताको अवस्था २०७० को तथ्याङ्कलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

### विद्यार्थी नियमितताको अवस्था



प्रस्तुत विद्यार्थी नियमितताको शैक्षिक वर्ष २०७० को अवस्थाको तथ्याङ्क र स्तम्भचित्रलाई अध्ययन गर्दा छात्रवृत्तिको वितरणले विद्यार्थीको उपस्थितिलाई अपेक्षाकृत रुपमा सुधार गरेको देखिदैन। अधिकांश विद्यालयहरुमा छात्रवृत्ति नपाउनेको तुलनामा छात्रवृत्ति पाउने विद्यार्थीको औषत उपस्थिति नगन्य मात्रामा मात्र बढी देखिन्छ भने अर्जुनधारा आदर्श संस्कृत मा.वि.को छात्रवृत्ति पाउनेको तुलनामा छात्रवृत्ति नपाउनेको पनि केही मात्र वढी देखिन्छ।

माथि उल्लेखित तथ्याङ्कलाई विश्लेषण गरी समग्र रुपमा भन्नु पर्दा छात्रवृत्ति कार्यक्रम कार्यान्वयनले विद्यार्थीको उपस्थितिलाई वृद्धि गर्न खासै नसकेको देखिन्छ। जवसम्म विद्यालयमा विद्यार्थीहरुको नियमितता वृद्धि गर्न सकिदैन तबसम्म उनीहरुको सिकाइ उपलब्धिस्तरमा समेत सोचे अनुकुल गुणात्मक वृद्धि गर्न सकिदैन । किनकी विद्यालयमा विद्यार्थी अनुपस्थित भयो भने कक्षामा सिकाइएका कुराहरु उसले पछि सहज रुपमा बुझ्न सक्दैन तर नियमित रुपमा कक्षामा उपस्थित हुनु विद्यार्थीले केही न केही भए पनि बढी मात्रामा सिकाइ उपलब्धि प्राप्त गर्न सक्दछ । यसबाट छात्रवृत्तिले विद्यार्थीलाई नियमित बनाइ विद्यालय तर्फ आकर्षण गर्न नसकेको देखिन्छ । यसो हुनुको कमी कमजोरी केलाउदा विद्यार्थीले अझै पनि छात्रवृत्तिको प्रत्यक्ष अनुभूति गर्न नसकेको, छात्रवृत्तिको रकम अपर्याप्त भएको, वितरण गर्ने तरिका र समयमा एकरुपता नभएको भन्ने कुरा प्रष्ट हुन आउछ । त्यसैले कक्षा कोठामा विद्यार्थीको उपस्थितिलाई बढाउन छात्रवृत्तिका रकममा वृद्धि गरी यसलाई २/३ चरणमा गरी विद्यार्थीलाई यसको महत्व दर्शाइ वितरण गर्न उपयुक्त देखिन्छ।

### ४.२.२ विद्यार्थीको सिकाइ उपलब्धिस्तरको अवस्था

विद्यार्थीको सिकाइ उपलब्धिको स्तरबाट सिकाइ उपलब्धिमा पर्न गएको प्रभाव थाहा पाउन सकिन्छ । विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि विभिन्न प्रकारका मूल्याङ्कनका साधनहरु प्रयोग गरिन्छ । यस अनुसन्धानात्मक अध्ययनका लागि शैक्षिक उपलब्धिका रुपमा कक्षा आठको निम्न माध्यमिक शिक्षा उतीर्ण परीक्षा समिति झापाद्वारा लिइएको परीक्षाको (शैक्षिक सत्र २०६९-०७१) सम्मको ३ वर्षको परीक्षाको परिणामलाई र कक्षाकोठा क्रियाकलापमा सहभागिता हेर्न तयार गरिएको रुजुसूचिको प्रयोगबाट प्राप्त नतिजालाई प्रयोगमा ल्याइएको छ। यस अध्ययनमा कक्षा आठमा अध्ययन अध्यापन गरिने ५ वटा मूख्य विषयहरु (नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक) को मात्र बार्षिक परीक्षाको प्राप्ताङ्कलाई प्रयोग गरिएको छ। छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुका सिकाइ उपलब्धि

स्तरको तुलनात्मक अन्तर थाहा पाउनको लागि अध्ययन क्षेत्रका लागि विद्यालयको विद्यार्थीको विषयगत उपलब्धिलाई तुलना गरिएको छ । विभिन्न विद्यालयको विद्यार्थीको सिकाइ उपलब्धिलाई निम्न तालिकामा तुलना गरिएको छ ।

तालिका ४ : छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धिस्तरको तुलना (कक्षा -८)

विद्यालयको नाम : जनता उ.मा.वि. (शैक्षिक सत्र २०६९)


| **क्र. सं.** | **विद्यार्थीको नाम** | **अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धिस्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु)** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **अंग्रजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **सामाजिक** | **कुल जम्मा** |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | अनिल सेन्चुरी | ४१ | ५० | ३२ | ४८ | ५० | २२१ |
| २ | काजल मोते | २६ | ३२ | १६ | ३६ | ३७ | १४७ |
| ३ | रजनी ढकाल | ४५ | ५२ | ३२ | ४२ | ५४ | २२५ |
| ४ | सपना न्यौपाने | २९ | ३२ | २४ | ३७ | ३८ | १६० |
| ५ | सर्मिला राई | ३२ | ४३ | १८ | ३८ | ४० | १७१ |
| ६ | सुस्मिता लिम्बू | २९ | ३२ | ३५ | ३९ | ३२ | १६७ |
| ७ | सिर्जना कुमाल | २९ | ३४ | १७ | ३८ | ३० | १४८ |
| | **जम्मा** | **२३१** | **२७५** | **१७४** | **२७८** | **२८१** | **१२३९** |
| | **औषत** | **३३.००** | **३९.२९** | **२५.००** | **३९.७२** | **४०.१४** | **१७७.००** |
| | | **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | |
| १ | कुशल घिमिरे | २८ | ४१ | ३४ | ५३ | ३६ | १९२ |
| २ | प्रदिप भट्टराई | ३० | ३२ | १६ | ३९ | ३९ | १५६ |
| ३ | सरोज नेम्वाङ | ४३ | ३७ | १९ | ३८ | ४४ | १८१ |
| ४ | केशव कु. पोखरेल | ३७ | ३२ | १६ | २५ | ३८ | १४८ |
| ५ | केशव मगर | २१ | ३२ | ७ | २८ | ३२ | १२० |
| ६ | दिपेश योङहाङ | ३७ | ३३ | १६ | ३६ | ३७ | १५९ |
| ७ | रोशन लिम्बू | ४५ | ४७ | ३२ | ३१ | ५६ | २११ |
| | **जम्मा** | **२४१** | **२५४** | **१४०** | **२५०** | **२८२** | **११६७** |
| | **औषत** | **३४.४२** | **३६.२८** | **२०.००** | **३५.७१** | **४०.२८** | **१६६.७१** |

स्रोत : कक्षा ८ बार्षिक परीक्षाको मार्कसिट

तालिका ४ मा प्रस्तुत गरिएको जनता उ.मा.वि.को शैक्षिक सत्र २०६९ मा छात्रवृत्ति प्राप्त गर्ने र छात्रवृत्ति प्राप्त नगर्ने कक्षा आठका ७/७ जना विद्यार्थीहरुको अनिवार्य विषयहरुको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले लिएको बार्षिक परीक्षाको औषत प्राप्ताङ्कलाई तुलनात्मक अध्ययन गर्दा नेपाली, गणित र विज्ञान विषयको औषत अंक छात्रवृत्ति प्राप्त गर्ने

विद्यार्थीहरुका केही मात्र बढी देखिन्छ भने अंग्रेजी र सामाजिक विषयमा छात्रवृत्ति प्राप्त नगर्नेको केही बढी देखिन्छ । तर कुल औषत प्राप्ताङ्कलाई हेर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नगर्नेको भन्दा १०.२९ ले बढी देखिन आउछ । उक्त तालिका ४ को छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीको अनिवार्य विषयको प्राप्ताङ्कलाई निम्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र २ : छात्रवृत्ति प्राप्त गर्ने र नगर्नेको औषत उपलब्धि (विषयगत)




माथिको स्तम्भ भित्रलाई अध्ययन गर्दा छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने दुवै खाल्का विद्यार्थीको विषयगत औषत उपलब्धि ५० अंक भन्दा पनि कम रहेको र गणित विषयमा २५ अंक देखि पनि कम हुनुले छात्रवृत्ति रकमको प्रभाव सिकाइ उपलब्धिमा शुन्य देखिएको छ ।

तालिका ५ : छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धि स्तरको तुलना (कक्षा ८)


विद्यालयको नाम : सिहदेवी माध्यमिक विद्यालय (शैक्षिक सत्र २०७१)

| क्र. सं. | विद्यार्थीको नाम | अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धिस्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अंग्रजी | नेपाली | गणित | विज्ञान | सामाजिक | कुल जम्मा |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | विकास सार्की | ५५ | ४२ | ५० | ५१ | ४८ | २४६ |
| २ | देवीमाया रस्तेल | २८ | ३२ | ३२ | ३६ | ४६ | १७४ |
| ३ | मनिषा पौडेल | ४३ | ४० | ३२ | ४५ | ४६ | २०६ |
| ४ | निर्मला बस्नेत | ४९ | ७० | ४२ | ५८ | ६४ | २८३ |
| ५ | प्रकाश दनुवार | ४४ | ५० | ४६ | ४४ | ५५ | २३९ |
| ६ | ऋनादेवी श्रेष्ठ | ४६ | ४० | ३२ | ४५ | ४९ | २१२ |
| ७ | सिर्जना राई | ४३ | ३४ | ३२ | ३८ | ४७ | १९४ |
| | **जम्मा** | **३०८** | **३०८** | **२६६** | **३१३** | **३५५** | **१५५०** |
| | **औषत** | ४४.०० | ४४.०० | ३८.०० | ४४.७१ | ५०.७१ | २२१.४२ |
| | **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | | |
| १ | मनिष खतिवडा | ४८ | ४० | ३४ | ४७ | ५५ | २२४ |
| २ | मित्रलाल न्यौपाने | ५९ | ५३ | ६४ | ४८ | ५९ | २८३ |
| ३ | पासाङ तामाङ | ४९ | ३४ | ४२ | ४८ | ५५ | २२८ |
| ४ | रोजन फूयल | ३२ | ४२ | १० | ३२ | ४८ | १६४ |
| ५ | मनोज तामाङ | ५० | ३२ | ३४ | ४२ | ४८ | २०६ |
| ६ | संजिल कटुवाल | २६ | ३५ | १४ | २४ | ४७ | १४६ |
| ७ | उज्ज्वल नेम्वाङ | ६० | ५० | ३५ | ५४ | ५९ | २४८ |
| | **जम्मा** | **३२४** | **२८६** | **२३३** | **२९५** | **३७१** | **१४९९** |
| | **औषत** | **४६.२८** | **४०.८५** | **३३.२८** | **४२.१४** | **५३.००** | **२१४.१४** |

स्रोत : कक्षा ८ को बार्षिक परीक्षाको मार्कलेजर

तालिका ५ मा प्रस्तुत गरिएको सिंहदेवी मा.वि.को शैक्षिक सत्र २०७१ मा छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने कक्षा आठका ७/७ जना विद्यार्थीको निम्न माध्यमिक शिक्षा उतीर्ण परीक्षा समितिले लिएको बार्षिक परीक्षाको ५ वटा विषयको औषत प्राप्ताङ्कलाई अध्ययन गर्दा नेपाली, गणित र विज्ञान विषयमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको औषत उपलब्धि बढी र अंग्रेजी र सामाजिक विषयमा छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको औषत उपलब्धि बढी देखिन्छ । तर कुल औषत उपलब्धिलाई हेर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको ७.२८ ले बढी देखिन्छ । उक्त तालिकालाई तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

चित्र ३ : विषयगत औषत उपलब्धिको तुलना




तालिका ६ : छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धि स्तरको तुलना (कक्षा ८)


विद्यालयको नाम : अर्जुनधारा आदर्श संस्कृत माध्यमिक विद्यालय (शैक्षिक सत्र २०६९)

| **क्र. सं.** | **विद्यार्थीको नाम** | **अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धिस्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु)** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **अंग्रजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **सामाजिक** | **कुल जम्मा** |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | अनु विर्जा | ४० | २५ | २५ | ५२ | २२ | १७२ |
| २ | चन्द्रकला दर्जी | ४१ | ४६ | १८ | ४६ | ३० | १८१ |
| ३ | दिपा भट्टराई | ५० | ३४ | २७ | ४८ | २८ | १८७ |
| ४ | दिक्षा भट्टराई | ५७ | ५७ | ३२ | ५० | २५ | २२१ |
| ५ | ज्योतिकुमारी महतो | ४५ | ३९ | २४ | ५० | २४ | १८२ |
| ६ | मिना गिरी | ३३ | १९ | १४ | २७ | १७ | ११० |
| ७ | निकिता रसाइली | ६९ | ४३ | ३७ | ५१ | ३४ | २३४ |
| | **जम्मा** | **३३५** | **२७१** | **१७९** | **३२४** | **१८०** | **१२८७** |
| | **औषत** | **४७.८५** | **३८.७१** | **२५.५७** | **४६.२८** | **२५.७१** | **१८३.८५** |
| | **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | | |
| १ | अंकित न्यौपाने | ४८ | ५४ | २४ | ५८ | ३२ | २१६ |
| २ | भानुभक्त नेपाल | ४५ | ५४ | १७ | ५१ | ३० | १९७ |
| ३ | कविराज अधिकारी | ५२ | ६३ | ४१ | ६४ | ३४ | २५४ |
| ४ | मनोज लिम्बू | ४५ | ३२ | १६ | ३४ | २३ | १५० |
| ५ | मिलन अर्याल | ४५ | ४४ | २४ | ३९ | २५ | १७८ |
| ६ | राजु रेग्मी | ३२ | १९ | १२ | ४१ | १८ | १२२ |
| ७ | सन्तोष योङहाङ | ४६ | ३३ | ३६ | ४७ | ३१ | १३९ |
| | **जम्मा** | **३१३** | **२९९** | **१७१** | **३३४** | **१९३** | **१३१०** |
| | **औषत** | **४४.७१** | **४२.७१** | **२४.४२** | **४७.७१** | **२७.५७** | **१८७.१४** |

स्रोत : कक्षा ८ को बार्षिक परीक्षाको मार्कलेजर

तालिका नं. ६ मा प्रस्तुत अर्जुनधारा आदर्श संस्कृत मा.वि.को शैक्षिक सत्र २०६९मा छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने कक्षा ८ का ७/७ जना विद्यार्थी झापा जिल्ला निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले लिएको बार्षिक परीक्षाको अनिवार्य विषयहरुको औषत प्राप्ताङ्कलाई विश्लेषण गर्दा अंग्रेजी, गणित र सामाजिक विषयको औषत उपलब्धि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नगन्य रुपले बढी देखिन आउछ भने नेपाली र विज्ञान विषयको औषत उपलब्धि छात्रवृत्ति प्राप्त नगर्नेको केही बढी देखिन्छ तर कुल औषत उपलब्धिलाई हेर्दा छात्रवृत्ति प्राप्त नगर्नेको ३.२९ ले बढी देखिन आउँछ । माथिको तालिकालाई निम्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र ४ : विषयगत औषत उपलब्धिको तुलना



तालिका ७ : छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धिस्तरको तुलना (कक्षा ८)


विद्यालयको नाम : भिमले निम्न माध्यमिक विद्यालय (शैक्षिक सत्र २०७१)

| क्र. सं. | विद्यार्थीको नाम | अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धिस्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **अंग्रजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **सामाजिक** | **कुल जम्मा** |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | सम्भ्फाना श्रेष्ठ | ६८ | ५० | ५१ | ६५ | ६५ | २९९ |
| २ | तेजकुमारी पौडेल | ६१ | ५२ | ३८ | ६४ | ६० | २७५ |
| ३ | यमुना कुइकेल | ५७ | ५२ | ४० | ५४ | ५९ | २६२ |
| ४ | देवीमाया तामाङ | ४६ | २९ | ३५ | ४३ | ५२ | २०५ |
| ५ | सुजता सुब्बा | ३६ | १९ | १६ | ३४ | ३९ | १४४ |
| ६ | टंकबहादुर सुयाल | ४० | ४० | ३७ | ४४ | ४७ | २०८ |
| ७ | पुजा राई | ४६ | ३३ | ३२ | ५१ | ४९ | २११ |
| | **जम्मा** | **३५४** | **२७५** | **२४९** | **३५५** | **३७१** | **१६०४** |
| | **औषत** | **५०.५७** | **३९.२८** | **३५.५७** | **५०.७१** | **५३.००** | **२२९.१४** |
| | | **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | |
| १ | जीतबहादुर तिवारी | ६६ | ५७ | ६७ | ५९ | ६९ | ३१८ |
| २ | नारायण सुवेदी | ५८ | ४८ | ४३ | ६२ | ६५ | २७६ |
| ३ | हिमाल खतिवडा | ४९ | ३६ | ४० | ५६ | ६० | २४१ |
| ४ | किसन आचार्य | ४९ | ४३ | ४८ | ६३ | ६४ | २६७ |
| ५ | सुवास मगर | ५३ | ४१ | ६० | ५७ | ५१ | २६२ |
| ६ | बाबुराम सुब्बा | ४८ | ३४ | ३६ | ४४ | ४० | २०२ |
| ७ | विधान सारुमगर | ४६ | ३३ | ३२ | ५१ | ४९ | २११ |
| | **जम्मा** | **३६९** | **२९२** | **३२६** | **३९२** | **३९८** | **१७७७** |
| | **औषत** | **५२.७१** | **४१.७१** | **४६.५७** | **५६.००** | **५६.८५** | **२५३.८५** |

स्रोत : कक्षा ८ को बार्षिक परीक्षाको मार्कलेजर

तालिका ७ मा प्रस्तुत भिमले नि.मा.वि.को शैक्षिक सत्र २०७१ को छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने कक्षा आठका ७/७ जना विद्यार्थीको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति भ्फापाले लिएको बार्षिक परीक्षाको अनिवार्य विषयहरुको औषत प्राप्ताङ्कलाई विश्लेषण गर्दा अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयहरुमा क्रमशः २.१४, १.४३, ११.००, ५.२९ र ३.८५ ले छात्रवृत्ति प्राप्त गर्नेको भन्दा प्राप्त नगर्नेको बढी औषत उपलब्धि देखिन्छ। साथै कुल औषत उपलब्धि पनि ४५.२९ ले बढी देखिन आउँछ उक्त तालिकालाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

चित्र ५ : विषयगत औषत उपलब्धिको तुलना




माथिको स्तम्भचित्रलाई अध्ययन गर्दा छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने दुवै पक्षका विद्यार्थीहरुको विषयगत औषत उपलब्धि ५६.८५ अंकसम्म पुगेको देखिन्छ । छात्रवृत्ति प्राप्त गर्नेको भन्दा नगर्नेको औषत उपलब्धि पाँचैवटा विषयमा केहि माथि देखिएता पनि अंग्रेजी, विज्ञान र सामाजिक विषयमा छात्रवृत्ति प्राप्त नगर्नेको औषत उपलब्धि ५० अंक भन्दा माथि देखिनु पनि आंशिक रुपले राम्रो मान्न सकिन्छ तर छात्रवृत्तिको कार्यान्वयन भएर पनि निम्न माध्यमिक तहको महत्वपूर्ण खुड्किलो मानिने कक्षा आठको अपेक्षित शैक्षिक उपलब्धि हात पार्न नसक्दा छात्रवृत्तिको सकारात्मक प्रभाव र गुणस्तरीय प्रतिफल प्राप्त भएको मान्न सकिदैन ।

यस अध्ययन क्षेत्र भित्र रहेका ४ वटा विद्यालय र ५६ जना विद्यार्थीको अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति झापाले लिएको बार्षिक परीक्षाको नतिजाबाट प्राप्त औषत उपलब्धिलाई विश्लेषण गर्दा सवै विषयको औषत उपलब्धि सन्तोषजनक देखिदैन । छात्रवृत्ति पाएको अवस्थामा पनि कुनै पनि विषयमा ६० अंक औषत उपलब्धि नपुग्नुले मनोबैज्ञानिकहरुले भनेको जस्तै गरी छात्रवृत्ति सम्बन्धिका सिद्धान्तहरु यहाँ हुवहु रुपमा लागु हुन नसकेको प्रष्ट हुन्छ । यसैले गर्दा छात्रवृत्ति कार्यान्वयनमा देखिएका कमि कमजोरीको साथै सिकाइ उपलब्धि हासिल गर्ने प्रभाव पार्ने छात्रवृत्ति बाहेकका

अन्य तत्वहरुको समेत पहिचान र विश्लेषण गरी विद्यार्थीको सिकाइ उपलब्धि स्तर सुधारमा विशेष जोड दिनु पर्ने आजको ताजा आवश्यकता देखिन्छ ।

यसै क्रममा अध्ययन क्षेत्रभित्र रहेका विद्यालयहरुको विद्यार्थीहरुको विषयगत औषत उपलब्धिलाई निम्न तालिकामा प्रस्तुत गरी विद्यालयगत रुपमा औषत उपलब्धिको तुलनात्मक विश्लेषण गरिएको छ ।

तालिका ८ : छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्नेको औषत उपलब्धिको तुलना

(शैक्षिक सत्र २०६९-०७१)

| क्र सं | विद्यालयको नाम | अंग्रेजी | | नेपाली | | गणित | | विज्ञान | | सामाजिक | | कुल औषत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने |
| १ | जनता उच्च मा.वि. | ३३.०० | ३४.४२ | ३९.२९ | ३६.२८ | २५.०० | २०.०० | ३९.७२ | ३५.७१ | ४०.१४ | ४०.२८ | १७७.०० | १६६.७१ |
| २ | सिंहदेवी मा.वि. | ४४.०० | ४६.२८ | ४४.०० | ४०.८५ | ३८.०० | ३३.२८ | ४४.७१ | ४२.१४ | ५०.७१ | ५३.०० | २२१.४२ | २१४.१४ |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. | ४७.८५ | ४४.७१ | ३८.७१ | ४२.७१ | २५.५७ | २४.४२ | ४६.२८ | ४७.७१ | २५.७१ | २७.५७ | १८३.८५ | १८७.१४ |
| ४ | भिमले नि.मा.वि. | ५०.५७ | ५२.७१ | ३९.२८ | ४१.७१ | ३५.५७ | ४६.५७ | ५०.७१ | ५६.०० | ५३.०० | ५६.८५ | २२९.१४ | २५३.८५ |

स्रोत : स्थलगत अध्ययन २०७२

माथिको तालिका ८ मा प्रस्तुत गरिएको तथ्याङ्क यस अध्ययन क्षेत्रका ४ वटा विद्यालयहरुको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति झापाले शैक्षिक सत्र (२०६९-०७१) सम्म लिएको कक्षा आठको बार्षिक परीक्षाको नतिजाबाट प्राप्त अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक गरी ५ वटा अनिवार्य विषयहरुको विद्यालयगत औषत प्राप्ताङ्कको हो ।


उक्त तालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा छात्रवृत्ति प्राप्त गर्ने तर्फ सवैभन्दा बढी अंग्रेजी ५०.५७, विज्ञान ५०.७१ र सामाजिक ५३.०० औषत अंक भिमले नि.मा.वि.को रहेको देखिन्छ भने नेपाली ४४.०० र गणित ३८.०० औषत अंक सिंहदेवी मा.वि.को रहेको देखिन्छ। यसरी नै कुल औषत उपलब्धिको अध्ययन गर्दा सवैभन्दा बढी २२९.१४ भिमले नि.मा.वि.को रहेको देखिन्छ।

यस तालिकामा छात्रवृत्ति प्राप्त नगर्नेतर्फ अध्ययन गर्दा अंग्रेजी ५२.७१, गणित ४६.५७, विज्ञान ५६.०० र सामाजिक ५६.८७ औषत अंक भिमले नि.मा.वि.को सवैभन्दा बढी देखिन आउँछ भने नेपाली ४२.७१ अर्जुनधारा आदर्श संस्कृति मा.वि.को रहेको छ। साथै कुल औषत उपलब्धि तर्फ पनि भिमले नि.मा.वि.को नै उच्च रहन गएको देखिन्छ।

यसरी अध्ययन क्षेत्रका सवै विद्यालयहरुको औषत उपलब्धिलाई तुलनात्मक विश्लेषण गरी हेर्दा छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने दुवै तर्फको औषत अंक ६० भन्दा तल रहेको देखिन्छ। यसबाट विद्यालयको यस तहमा छात्रवृत्ति वितरण भएता पनि विद्यार्थीहरुको सिकाइ उपलब्धि भने कार्यक्रमको लक्ष्य तथा उद्देश्य अनुसार हासिल हुन नसकेको प्रस्टिन्छ। विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गरेको अवस्था र प्राप्त नगरेको अवस्थामा पनि सिकाइ उपलब्धिको स्तरमा खासै अन्तर र प्रत्यक्ष वृद्धि नदेखिएकाले छात्रवृत्तिको व्यवस्थापन, वितरण, रकमको सदुपयोग लगायत अन्य प्रभावकारी पक्षहरुको समेत खोजी र विश्लेषण गरी समस्याको निराकण गर्न सकेमा मात्र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिने देखिन्छ।

माथिको तालिकामा प्रस्तुत विद्यायगत कुल औषत उपलब्धिलाई निम्न स्तम्भचित्रबाट अझ प्रष्ट पार्ने प्रयास गरिएको छ।

चित्र ६ : विद्यालयगत कुल औषत उपलब्धि (शैक्षिक सत्र २०६९-२०७१)




माथिको स्तम्भचित्र ६ को विश्लेषण गर्दा के स्पष्ट हुन्छ भने जनता उ.मा.वि.को कुल औषत उपलब्धि छात्रवृत्ति प्राप्त नगर्नेको भन्दा छात्रवृत्ति प्राप्त गर्नेको १०.२९ ले माथि देखिन्छ । त्यसरी नै सिंहदेवी मा.वि.को छात्रवृत्ति प्राप्त गर्नेको प्राप्त नगर्नेको भन्दा ७.२८ ले बढी देखिन्छ । सोही अनुसार अर्जुनधारा आदर्श संस्कृत मा.वि.को छात्रवृत्ति प्राप्त गर्नेको भन्दा नगर्ने तर्फ ३.२९ ले बढी देखिनुको साथै भिमले नि.मा.वि.को पनि छात्रवृत्ति प्राप्त नगर्नेको २४.७१ अंकले माथि देखिन्छ । उक्त विद्यालयहरुको कुल औषत उपलब्धिको नतिजा विश्लेषणबाट छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा आंशिक रुपमा वृद्धि गरेता पनि ठूलो मात्रामा सहयोग पुऱ्याउन नसकेको स्पष्ट हुन्छ ।

### ४.२.३ छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीको विद्यालयगत उतीर्णदर

कुनै पनि विद्यालयमा भर्ना भएका विद्यार्थीहरुले एक शैक्षिक सत्र भरी कुनै कक्षामा अध्ययन कार्य पुरा गरी निर्णयात्मक मूल्याङ्कन पश्चात माथिल्लो कक्षामा लैजाने कि सोही कक्षामा राख्ने भन्ने निर्णय लिनको लागि परीक्षाको नतिजा आवश्यक हुन्छ । परीक्षामा उतिर्ण भएका विद्यार्थीहरु माथिल्लो कक्षामा अध्ययन गर्न पाउने र अनुत्तीर्ण भएमा सोही कक्षामा दोहोऱ्याउनु पर्ने अवस्था हुन्छ । विद्यार्थीहरु उत्तीर्ण हुने, अनुत्तीर्ण हुने सवालमा प्रत्येक विद्यालयले मूल्याङ्कनको आधारको रुपमा एक शैक्षिक सत्र भित्रमा लिने गरेको विभिन्न परीक्षाको

प्राप्ताङ्कलाई मूख्य आधार मानिन्छ । ती परीक्षाहरुमा लिखित, मौखिक प्रयोगात्मक र निरन्तर मूल्याङ्कनको रुपमा रुजुसूचिको माध्यमबाट विद्यार्थीहरुको व्यवहार र क्रियाकलापको समेत मूल्याङ्कन गरिन्छ । यस अध्ययनमा अध्ययन क्षेत्रभित्र रहेका ४ वटा विद्यालयहरुमा कक्षा ८ मा अध्ययन गरी सकेका छात्रवृत्ति पाउने र नपाउने दुवै खाल्का विद्यार्थीहरुको शैक्षिक सत्र २०६९-०७१ सम्मको ३ वर्ष भित्रको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति झापाले लिएको कक्षा आठको बार्षिक परीक्षामा प्राप्त प्राप्ताङ्कका आधारमा विद्यालयगत उत्तीर्णदर पत्ता लगाइ निम्न तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका ९ : छात्रवृत्ति पाउने र नपाउनेको विद्यालयगत उत्तीर्णदर (कक्षा ८)

(शैक्षिक सत्र २०६९-०७१)

| **क्र. सं.** | **विद्यालयको नाम** | **शैक्षिक सत्र** | **परीक्षामा सामेल** | **छात्रवृत्ति पाउने** | **छात्रवृत्ति नपाउने** | **उत्तीर्ण विवरण** | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| १ | जनता उ.मा.वि. | २०६९ | ८४ | ५७ | २७ | ३२ | ५६.१४ | १३ | ४८.१४ |
| | | २०७० | ८७ | ५२ | ३५ | २५ | ४८.०७ | १३ | ३७.१४ |
| | | २०७१ | ८९ | ४९ | ४० | १५ | ३०.६१ | २३ | ५७.५० |
| २ | सिंहदेवी मा.वि. | २०६९ | ७५ | ४१ | ३४ | ३२ | ७८.०४ | २६ | ७६.४७ |
| | | २०७० | ७५ | ४८ | २७ | १५ | ३१.२५ | ०८ | २९.६२ |
| | | २०७१ | ९३ | ५८ | ३५ | ५४ | ९३.१० | २८ | ८०.०० |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. | २०६९ | २७ | १२ | १५ | १० | ८३.३३ | १४ | ९३.३३ |
| | | २०७० | २४ | १६ | ०८ | ११ | ६८.७५ | ०४ | ५०.०० |
| | | २०७१ | १७ | १२ | ०५ | ०८ | ६६.६६ | ०४ | ८०.०० |
| ४ | भिमले नि.मा.वि. | २०६९ | १७ | ०६ | ११ | ०४ | ६६.६६ | ०८ | ७२.७२ |
| | | २०७० | १४ | ४० | ०४ | ०८ | ८०.०० | ०४ | १००.०० |
| | | २०७१ | १९ | ११ | ०८ | ०६ | ५४.५४ | ०७ | ८७.५० |

स्रोत : स्थलगत अध्ययन २०७२

यस अध्ययन क्षेत्र भित्र रहेका विद्यालयहरुमा कक्षा ८ मा पढ्ने विद्यार्थीहरुको शैक्षिक सत्र २०६९-२०७१ सम्मको उत्तीर्णदरलाई विश्लेषण गर्दा भिमले नि.मा.वि. वाहेकका अन्य तीन विद्यालयहरुको छात्रवृत्ति पाउने र नपाउने दुवै विद्यार्थीको उत्तीर्णदर सालाखाला अवस्थामा केही तलमाथि देखिन्छ । जसमा जनता उ.मा.वि.को शैक्षिक सत्र २०६९ र २०७० को तथ्याङ्क हेर्दा छात्रवृत्ति पाउनेतर्फ उत्तीर्ण संख्या र प्रतिशत दुवै केही माथि देखिन्छ भने शैक्षिक सत्र

२०७१ मा छात्रवृत्ति नपाउने तर्फ उत्तीर्ण संख्या र प्रतिशत माथि देखिन्छ। त्यसरी नै सिंहदेवी मा.वि.को शैक्षिक सत्र २०६९ देखि २०७१ सम्म ३ वर्षकै छात्रवृत्ति पाउने तर्फ उत्तीर्ण संख्या र प्रतिशत दुवै केही उच्च देखिन आउछ। अर्जुनधारा आदर्श संस्कृत मा.वि.को शैक्षिक सत्र २०६९ र २०७१ मा छात्रवृत्ति नपाउनेको उत्तीर्णदर माथि देखिन्छ र शैक्षिक सत्र २०७० मा छात्रवृत्ति पाउनेको उत्तीर्णदर १८.७५ ले माथि देखिन्छ। सोही अनुसार भिमले नि.मा.वि.को भने शैक्षिक सत्र २०६९ देखि २०७१ सम्म नै छात्रवृत्ति नपाउने तर्फ नै उत्तीर्णदर उच्च देखिएको छ। यसमा पनि शैक्षिक सत्र २०७० मा छात्रवृत्ति नपाउने विद्यार्थीको उत्तीर्णदर शत प्रतिशत रहेको देखिन्छ।

माथिको तथ्याङ्कलाई समग्रमा अध्ययन गर्दा सिंहदेवी मा.वि.मा छात्रवृत्ति वितरणको प्रभाव राम्रो देखिएको पाइयो भने भिमले नि.मा.वि.मा छात्रवृत्ति वितरणले उत्तीर्णदर वृद्धि गर्न खासै योगदान दिन नसकेको देखिन्छ। तर छात्रवृत्ति प्राप्त गर्ने तर्फको पनि उत्तीर्णदरलाई हेर्दा ५४ देखि ८० प्रतिशतसम्म रहेकाले यसलाई पनि सन्तोषजनक मान्न सकिन्छ। उक्त तालिकामा विद्यालयगत औषत उत्तीर्णदरलाई विश्लेषण गर्दा अर्जुनधारा आदर्श संस्कृत मा.वि.को छात्रवृत्ति पाउने र नपाउने दुवै तर्फ केही उच्च देखिन आउछ। यसरी नै छात्रवृत्ति पाउने र नपाउने विद्यार्थीहरुको समग्र औषत उत्तीर्णदरलाई मूल्याङ्कन गर्दा छात्रवृत्ति नपाउनेको १६.३६ ले माथि देखिन्छ। यहाँ छात्रवृत्ति पाउनेको उत्तीर्ण संख्या संख्यात्मक रुपमा मात्र बढी र गुणात्मक रुपमा कम देखिन्छ। छात्रवृत्ति पाउनेको भन्दा छात्रवृत्ति नपाउनेको उत्तिर्णदर बढी हुनुले यहाँ वि.एफ. स्किनरको पुर्नवलको सिद्धान्त हुबहु लागु हुन भने नसकेको देखिन्छ।

विद्यार्थीहरुलाई वितरण गरिदै आएको छात्रवृत्ति रकम थोरै भएकाले विपन्न वर्गलाई यसले अपेक्षित सहयोग पुऱ्याउन नसकेको, वास्तविक गरिव र विपन्न वर्गलाई राम्रोसँग यो कार्यक्रमले समेट्न नसकेको, छात्रवृत्तिको स्वरुप नगद र जिन्सी दुवै हुन नसकेको, वितरण गर्ने समय उपयुक्त हुन नसकेको, वितरण गरिएको छात्रवृत्तिमा पनि विद्यार्थीको कुनै हौसला र प्रत्यक्ष अनुभूति हुन नसकेको र छात्रवृत्ति रकमको सत प्रतिशत सदुपयोग हुन नसकेको जस्ता कारणहरुले गर्दा व्यवस्थापन पक्ष र कार्यान्वयन पक्षमा सुधार गर्नु पर्ने आवश्यकता छ। त्यसपछि मात्र विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा अपेक्षित सुधार सम्भव छ।

माथि उल्लेखित अवस्थामा छात्रवृत्ति एक सशक्त पुर्नवलयुक्त उत्तेजना प्रदान गर्ने वस्तु बन्न सक्दछ र छात्रवृत्ति वितरण प्रक्रिया व्यवस्थित र बैज्ञानिक भए मात्र छात्रवृत्ति रकमले सकारात्मक सम्वलनको रुपमा काम गर्दछ। प्रत्येक प्रयासमा कुनै न कुनै प्रकारको सम्वलनको आवश्यकता पर्दछ । थर्नडाइकको सम्वलनको सिद्धान्त अनुसार बालबालिका सम्वलन प्राप्त गर्ने आशामा लागिरहन्छन् र यहाँ छात्रवृत्तिले सकारात्मक सम्वलनको काम गर्दछ जुन प्राप्त गर्ने आशामा विद्यार्थीहरु सिकाइ उपलब्धिस्तर वृद्धि गर्न क्रियाशिल हुदै जान्छन् ।

## ४.२.४ छात्रवृत्ति प्राप्त गर्ने दलित र गैरदलितको सिकाइ उपलब्धि स्तरको तुलना

हरेका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये विशेषतः दलित वर्गका छात्रछात्रा दुवैलाई प्राथमिक तहदेखि माध्यमिक तहसम्ममा राज्यले छात्रवृत्तिको व्यवस्था गरेको छ भने गैर दलित तर्फ विशेष गरी छात्राहरुलाई मात्र छात्रवृत्तिको व्यवस्था गरेको पाइन्छ । राज्यले वितरण गर्दै आएको जुनसुकै छात्रवृत्ति भए पनि प्रमुख उद्देश्य भनेको बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउनु र शिक्षाको राष्ट्रिय मूलधारमा समाहित गर्नु नै हो । यसकारण सवैका लागि शिक्षा भन्ने नारा अनुसार र शिक्षाको सहस्राब्दी लक्ष्य प्राप्त गर्न उनीहरुलाई विद्यालयमा भित्र्याउन, टिकाउन र सिकाउनका लागि तथा अपेक्षित सिकाइ उपलब्धिस्तर हासिल गराउनका लागि छात्रवृत्ति रकमले उल्लेखिनीय योगदान दिन सक्नु पर्दछ । यसै सन्दर्भमा छात्रवृत्ति प्राप्त गर्ने मध्ये पनि दलित विद्यार्थी र गैरदलित विद्यार्थी विचको सिकाइ उपलब्धिस्तर कस्तो छ भनी तुलना गर्न यस अध्ययन क्षेत्रका ४ वटा विद्यालयका कक्षा ८ मा अध्ययनरत निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले शैक्षिक सत्र २०६९-२०७१ सम्म लिइएको बार्षिक परीक्षाको अनिवार्य ५ वटा अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयको प्रति विद्यालय दलित २ जना र गैर दलित दुई जनाका दरले सालाखाला क्षमताका विद्यार्थीहरु नमूना छनौट गरी उनीहरुको प्राप्ताङ्कलाई आधार मानेर सिकाइ उपलब्धिस्तरको तुलना गरिएको छ। उक्त विषयगत प्राप्ताङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १० : छात्रवृत्ति प्राप्त गर्ने दलित र गैरदलितको सिकाइ उपलब्धिस्तरको तुलना (कक्षा ८)

| क्र सं. | विद्यालयको नाम | विद्यार्थीको नाम | अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धि दलिद विद्यार्थी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **अंग्रेजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **समाजिक** | **कुल जम्मा** |
| १ | जनता उच्च मा.वि. | मुनादेवी रम्तेल | ४० | ५७ | ३२ | ३९ | ३६ | २०४ |
| | | सुमन दर्जी | ३८ | ४४ | ३२ | ५१ | ४७ | २१२ |
| २ | सिंहदेवी मा.वि. | गंगा प्र. रसाइली | ३३ | ४८ | १६ | ४३ | ६२ | २०२ |
| | | लक्ष्मी दर्जी | ४८ | ६८ | ३३ | ६७ | ६१ | २७७ |
| ३ | अर्जुधारा आ. संस्कृत | खुश्वु सहनी | ४६ | ३६ | ३२ | ५३ | २५ | १९२ |
| | | रुविया खातुन | ५० | २५ | २६ | ४५ | २५ | १७१ |
| ४ | भिमले नि.मा.वि. | विमला वि.के. | ५८ | ४१ | ५१ | ४८ | ५५ | २५४ |
| | | सहदेव त्रिखत्री | ५१ | ४९ | ३५ | ५० | ६४ | २४९ |
| | | **जम्मा** | **३६४** | **३६८** | **२५७** | **३९७** | **३२०** | **१७६१** |
| | | **कुल औषत उपलब्धि** | ४५.५ | ४६.०० | ३२.१२ | ४९.६२ | ४०.०० | २२०.१२ |
| | | | **गैरदलित विद्यार्थी** | | | | | |
| १ | जनता उच्च मा.वि. | हिमा कार्की | ४१ | ४८ | ३२ | ४० | ५१ | २१२ |
| | | प्रतिक्षा खनाल | ३९ | ४५ | ३३ | ३९ | ३७ | १९३ |
| २ | सिंहदेवी मा.वि. | दिव्या फूयल | ७९ | ७९ | ६२ | ४९ | ६४ | ३३३ |
| | | सपना ओली | ४७ | ६० | ३३ | ४४ | ४९ | २३३ |
| ३ | अर्जुधारा आ. संस्कृत | दिपा भट्टराई | ५० | ३४ | २७ | ४८ | २८ | १८७ |
| | | कमला डाँगी | ४५ | ४८ | ३२ | ६७ | २९ | २२१ |
| ४ | भिमले नि.मा.वि. | प्रतिमा तिम्सिना | ५२ | ७३ | ७५ | ५७ | ६६ | ३२३ |
| | | शान्ति राई | ६७ | ४७ | ५६ | ६३ | ७२ | ३०५ |
| | | **जम्मा** | ४२० | **४३४** | **३५०** | **४०७** | **३९६** | **२००७** |
| | | **कुल औषत उपलब्धि** | ५२.५ | ५४.२५ | ४३.७५ | ५०.८७ | ४९.५ | २५०.८७ |


स्रोत : स्थलगत अध्ययन -२०७२

तालिका १० को अध्ययन गर्दा छात्रवृत्ति प्राप्त गर्ने दलित विद्यार्थी र छात्रवृत्ति प्राप्त गर्ने गैर दलित विद्यार्थीको औषत उपलब्धिलाई विश्लेषण गर्दा ५ वटा अनिवार्य विषयमा दलित छात्र छात्रा विद्यार्थीको भन्दा गैर दलित छात्रा विद्यार्थीको औषत उपलब्धि बढी देखिन्छ । जसमध्ये अंग्रेजीमा ७.००, नेपालीमा ८.२५, गणितमा ११.६३, विज्ञानमा १.२५ र सामाजिकमा ९.५ अंकले औषत उपलब्धि माथि देखिन्छ र कुल औषत उपलब्धि भने ३०.७५ ले गैर दलित तर्फ उच्च देखिन्छ । समग्र विषयलाई हेर्दा दलित विद्यार्थी तर्फ औषत उपलब्धि ५० अंकसम्म समेत पुग्न नसकेको देखिन्छ ।

छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन खास गरी विपन्न र दलित वर्गका विद्यार्थीहरुलाई केन्द्रित गरी राज्यले वितरण गर्दै आएतापनि यसको सकारात्मक प्रभाव परेर उनीहरुको सिकाइ

उपलब्धिस्तर खासै माथि उठ्न नसकेको देखिन्छ भने गैर दलितका छात्रातर्फ भने छात्रवृत्ति कार्यक्रमको सन्तोषजनक प्रभाव देखिन्छ । छात्रवृत्ति प्राप्त गर्ने दलित विद्यार्थी र छात्रवृत्ति प्राप्त गर्ने गैर दलित विद्यार्थीको विषयगत औषत उपलब्धिस्तरलाई तलको चित्रबाट अझ स्पष्ट पार्न खोजिएको छ ।

चित्र ७ : छात्रवृत्ति प्राप्त गर्ने दलित र गैरदलितको औषत सिकाइ उपलब्धिस्तर




माथिको चित्र ७ लाई अध्ययन गर्दा यस अध्ययन क्षेत्र भित्रका ४ वटा विद्यालयका दलित र गैरदलित गरी जम्मा १६ जना नमूना छनौटमा परेका  विद्यार्थीको विषयगत औषत उपलब्धिस्तर तुलना गर्दा छात्रवृत्ति प्राप्त गर्ने दलित विद्यार्थीको भन्दा छात्रवृत्ति प्राप्त गर्ने गैर दलित विद्यार्थीको औषत अंक बढी देखिन्छ । यसको मूल कारण के हो त भनी सरोकारवालाहरुसँग छलफल र अन्तक्रिया गर्दा विपन्न दलित विद्यार्थीहरुको पारिवारीक आर्थिक अवस्था गैर दलित विद्यार्थीको तुलनामा कमजोर रहेको र त्यसको प्रभाव सिकाइ उपलब्धिमा समेत पर्न गएको भन्ने निश्कर्ष प्राप्त भएको छ । त्यसकारण विपन्न र दलित वर्गका विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर विकास गर्नका लागि मनोबैज्ञानिक अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार सर्वप्रथम उनीहरुको गाँस, बाँस, कपास र स्वास्थ्य जस्ता न्यूनतम आवश्यकताहरु पुरा गर्न राज्यले विशेष ध्यान दिनु पर्ने देखिन्छ र त्यपछि मात्र उनीहरु शिक्षा आर्जनका लागि अभिप्रेरित भइ अपेक्षित सिकाइ उपलब्धिस्तर हासिल गर्न प्रेरित हुन सक्छन् भन्ने कुरा स्पष्ट देखिन्छ ।

### ४.२.५ विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने अन्य तत्वहरुको विश्लेषण

विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा प्रभाव पार्ने तत्वहरुमा छात्रवृत्ति एक हो भने त्यसवाहेक पनि अन्य धेरै तत्वहरु रहेको पाइन्छ । तिनीहरुलाई मूख्यतः आन्तरिक र वाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । आन्तरिक तत्व अन्तर्गत वंशानुगत गुण, अन्तरदृष्टि सिकाइ क्षमता, अभिरुचि, चाहाना, संवेग र अन्य क्षमताहरु पर्दछन् भने बाह्य तत्वहरुमा घर परिवार, साथी समूह, वातावरणीय प्रभाव, शिक्षण सिकाइ क्रियाकलाप, भौतिक, सामाजिक, साँस्कृतिक एवम् राजनैतिक अवस्था आदि पर्दछन् ।

विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा प्रभाव पार्ने प्रमुख तत्वहरुको सम्बन्धमा छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष र विद्यार्थीहरुका लागि तयार पारिएको साधनहरुको माध्यमबाट प्राप्त सूचना, जानकारी, सुझाव तथा प्राप्त अन्य तथ्याङ्क अनुसार छात्रवृत्ति बाहेक विद्यार्थी सिकाइ उपलब्धिस्तरमा प्रभाव पार्ने तत्वहरु निम्नानुसार रहन गएको निश्कर्षबाट स्पष्ट भएको छ ।

#### क. आर्थिक स्थिति

एउटा विद्यालयमा विभिन्न पृष्ठभूमि बोकेका विद्यार्थीहरु अध्ययन गर्न आउछन् । तिनीहरु सवैजनाको घरायसी आर्थिक अवस्था समान हुँदैन विशेषतः विपन्न आर्थिक स्थिति भएका विद्यार्थीहरुलाई शैक्षिक सामग्रीको व्यवस्थापन गर्न गाह्रो हुन्छ भन्ने कारणले गर्दा चारैवटा विद्यालयका औषत रुपमा ७५% प्र.अ., ७२.७५% शिक्षक, ५५.२५% वि.व्य.स. अध्यक्ष, ३९% अभिभावक र ५५% विद्यार्थीहरु सहमत भएको पाइयो ।

#### ख. चेतनाको स्तर

घर परिवारमा अन्य सदस्यहरु के कति शिक्षक र चेतनशिल छन् भन्ने कुराले विद्यार्थीको सिकाइ उपलब्धिस्तर निर्धारण गर्न सक्ने हुदा यस विषयमा पनि औषत रुपमा ७७% प्र.अ., ६२.५०% शिक्षक, ५१.३५% वि.व्य.स. अध्यक्ष, ४४% अभिभावक र ५२.२७% विद्यार्थीहरु सहमत भएको पाइयो ।

### ग. सामाजिक र राजनैतिक अवस्था

गाउँ घरको सामाजिक वातावरण, देशको राजनैतिक अवस्थाले गर्दा पनि विद्यार्थीको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव पर्न सक्छ भन्ने कुरालाई लिएर चारैवटा विद्यालयका औषत ५२% प्र.अ., ७३.३५ प्रतिशत शिक्षक, ५०% वि.व्य.स. अध्यक्ष, ५१% अभिभावक र ३४% विद्यार्थीहरु सहमत देखिएका छन् ।

### घ. कक्षाकोठा व्यवस्थापन

उच्चतम सिकाइ उपलब्धिका लागि विद्यालयमा प्रभावकारी कक्षाकोठा व्यवस्थापन भएको हुनु पर्दछ। विद्यार्थीलाई कक्षामा बसेर पढुँपढुँ, सिकौं सिकौं लाग्ने सिकाइमैत्री वातारणले सु-सम्पन्न कक्षाकोठा हुनु जरुरी हुन आउछ भन्ने कुरा प्रति नमूना छनौट विद्यालयका औषत ९३% प्र.अ., ९०.८५% शिक्षक, ५५% वि.व्य.स. अध्यक्ष, ६४.४५% अभिभावक र ८५% विद्यार्थीहरु सहमत भएको पाइन्छ ।

### ङ. शिक्षण सिकाइ क्रियाकलाप

बास्तवमा पाठ्यक्रमको निर्धारित उद्देश्यहरु प्राप्त गर्न शिक्षकहरुमा विषयवस्तु प्रतिको उच्चज्ञान, विद्यार्थीहरुलाई सिकाउने शैली, शिक्षण विधि प्रविधि, शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग जस्ता महत्वपूर्ण ज्ञानहरु हुनु पर्दछ र त्यसलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारी ढंगबाट प्रयोगमा ल्याउनु पर्छ भन्ने विचार प्रति विद्यालयका औषत रुपमा ७५% प्र.अ., ७८% शिक्षक, ४६.५५% वि.व्य.स. अध्यक्ष, ४८% अभिभावक र ६१.७५% विद्यार्थीहरु सहमत रहेको पाइयो ।

माथि उल्लेखित तत्वहरु साथ साथै विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तरमा प्रभाव पार्न विद्यालयमा विद्यार्थीको नियमितता, विद्यार्थीको पढाइलेखाइ प्रतिको अभिरुचि, साथीभाइको संगत, शिक्षा प्रणाली, पारिवारिक शैक्षिक वावावरण समेत जिम्मेवार रहेको निश्कर्ष छलफल र प्रतिक्रियाबाट प्राप्त भएको छ ।

### ४.२.६ विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता र व्यवहारमा परिवर्तन

विद्यार्थीको सिकाइ उपलब्धिस्तरको अध्ययन गर्न सिकाइ उपलब्धिस्तरलाई कापी कलमको लिखित परीक्षालाई मात्र आधार नमानीकन यस अध्ययन छनौटमा परेको विद्यालयका शैक्षिक सत्र २०७२ सालमा कक्षा आठमा अध्ययरत छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता र व्यवहार परिवर्तनका वारेमा जानकारी प्राप्त गर्न यस अध्ययन छनौटमा परेका नमूना विद्यालयका जम्मा ८ जना शिक्षकलाई रुजुसूचि फारमबाट उपलब्ध गराइए अनुसार उक्त रुजुसूचि फारमबाट विद्यार्थीको १५ दिनसम्मको कक्षा कोठाको क्रियाकलापलाई निरन्तर मूल्याङ्कनका रुपमा परीक्षण गर्न लगाउदा निम्न सूचना र जानकारीहरु प्राप्त भएका छन् ।

**१. समयमा आइपुग्ने**

विद्यालयमा उपस्थित हुने समयमा आइपुग्ने भन्ने छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको पक्षमा ५०% र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको पक्षमा ५०% शिक्षक सहमत रहेको पाइयो ।

**२. कक्षामा ध्यान दिने**

शिक्षकले अध्यापन गर्दा कक्षामा ध्यान दिने भन्ने विषयमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको पक्षमा ५१.७५% र छात्रवृत्ति प्राप्त नगर्नेको पक्षमा ४८.२५% शिक्षक सहमत रहेको पाइयो ।

**३. कक्षाकार्य र गृहकार्य गर्ने**

शिक्षकले दिएको कक्षाकार्य र गृहकार्य गर्ने भन्नेमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको पक्षमा ५०.२५ र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको पक्षमा ४९.७५ प्रतिशत शिक्षक सहमत रहेको पाइयो ।

**४. छलफलमा भाग लिने**

शिक्षण सिकाइ क्रियाकलापका समयमा विषयबस्तुमा छलफलमा भाग लिने भन्नेमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका पक्षमा ५३% र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीका पक्षमा ४७% शिक्षक सहमत भएको पाइयो ।

## ५. सान्दर्भिक प्रश्न गर्ने

विषयबस्तु सँग सान्दर्भिक प्रश्न सोध्ने भन्नेमा छात्रवृत्ति प्राप्त गर्ने पक्षमा ५४% र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीका पक्षमा ४६% शिक्षक सहमत भएको पाइयो ।

## ६. सोधेको प्रश्नको उत्तर दिने

शिक्षण सिकाइका क्रममा शिक्षकले सोधेको प्रश्नको उत्तर दिने भन्नेमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका पक्षमा ५२% र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीका पक्षमा ४८% शिक्षक सहमत भएको पाइयो ।

## ७. शिक्षकप्रति आदरभाव राख्ने

शिक्षकसँग भेट हुँदा र बोल्दा आदरभाव राख्ने भन्नेमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका पक्षमा ५४.६४% र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीका पक्षमा ४५.३६% शिक्षक सहमत भएको पाइयो ।

## ८. सीप पक्षको विकास

विद्यार्थीको सिकाइ अन्तर्गतका विभिन्न पक्षहरु मध्ये सीप पक्षको विकास तर्फ छात्रवृत्ति प्राप्त गर्नेको ४९.७५% र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थी तर्फ ५०.२५% शिक्षक सहमत भएको पाइयो ।

## ९. अतिरिक्त क्रियाकलापमा सहभागिता

विद्यालयले संचालन गर्ने जुनसुकै अतिरिक्त क्रियाकलापमा उत्सुकतापूर्वक सहभागि हुन्छ भन्नेमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीतर्फ ४७.३५% र छात्रवृत्ति प्राप्त नगर्ने तर्फ ५२.६५% शिक्षक सहमत भएको पाइयो ।

## १०. अभिवृद्धि पक्षको विकास

विद्यार्थीले विभिन्न पक्षका सिकाइ मध्ये यथार्थ सिकाइ झल्किने अभिवृद्धि पक्षको विकासको वारेमा छात्रवृत्ति प्राप्त गर्ने तर्फ ५०.३७% र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको पक्षमा ४९.६३% शिक्षक सहमत भएको पाइयो ।

यसरी रुजुसूचि फारमबाट प्राप्त तथ्याङ्कलाई एकिकृत गर्दा ५१.३१% छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको पक्षमा र ४८.६९% सहमति छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको पक्षमा देखियो । समग्रमा हेर्दा २.६२% ले मात्र छावृत्ति प्राप्त गर्ने विद्यार्थीको पक्षमा वढी सहमति प्राप्त हुन आएको पाइयो ।

विद्यार्थीको सिकाइ उपलब्धिस्तरलाई लिखित औपचारिक परीक्षालाई मात्र आधार नमानिकन निरन्तर मूल्याङ्कनका आधारमा छोटो अवधिको अवलोकन कार्यको परिणामलाई हेर्दा पनि छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभावकारी र अपेक्षाकृत परिवर्तन ल्याउन नसकेको पाइएकाले छात्रवृत्ति कार्यक्रमको सम्पूर्ण पक्षमा सुधार गर्नु पर्ने देखिन्छ ।

## ४.३ छात्रवृत्ति सम्बन्धी समस्याहरुको विश्लेषण

कुनै पनि कार्यक्रमले निर्धारण गरेको उद्देश्यहरु प्राप्त गर्नका लागि र परिणाममूखी बनाउनका लागि योजनावद्ध ढंगबाट कार्यक्रम संचालन र कार्यान्वयन हुनु पर्दछ । छात्रवृत्ति कार्यक्रम पनि एउटा योजनावद्ध कार्यक्रम हो । जुन सुकै योजना पनि कार्यन्वयन गर्ने क्रममा अनेका समस्याहरुको सामना गर्नुपर्ने हुन सक्छ । यहाँ छात्रवृत्ति कार्यक्रम अन्तर्गत पनि लक्षित समूह फरक फरक छात्रवृत्तिको रकम पनि फरक फरक रहेको अवस्थामा यसको वितरणमा समस्याहरु देखा पर्नु पनि स्वभाविक हो । तर समस्याहरु यथास्थितिमा नछोडी राम्ररी पहिचान गरेर बुद्धिमता पूर्वक विश्लेषण गरी समाधान गर्नु उचित हुन्छ । त्यसैले यस अध्ययनसँग सम्बन्धित नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. प्रतिनिधि विद्यार्थी एवम् अभिभावकहरुसँगको कुराकानी, छलफल, अन्तरक्रिया र प्रश्नावली फारमबाट छात्रवृत्ति वितरणसँग सम्वन्धित समस्याहरु निम्नानुसार पहिचान भएका छन् । सम्पूर्ण विपन्न विद्यार्थी वर्गलाई छात्रवृति कार्यक्रमले समेटन नसक्नु धनी परिवारको दलित छात्रछात्रा दुवैले छात्रवृति प्राप्त गर्नु तर गरिब परिवारका गैरदलित छात्रले छात्रवृति प्राप्त गर्न नसक्नु जस्ता गुनासाहरु प्राप्त भएको पाइयो । विद्यालयमा छात्रवृति रकम समयमा आइपुग्न ढिलासुस्ती हुने गरेको पाइयो । कतिपय विद्यार्थीले छात्रवृति रकम प्राप्त गर्नेका लागि मात्र विद्यालयमा भर्ना हुने गरेको र छात्रवृति प्राप्त गरी सकेपछि विद्यालयमा अनियमित हुने र कक्षा छाड्ने समेत गरेको पाइयो ।

राज्यले उपलब्ध गराउदै आएको छात्रवृति रकम वर्तमान अवस्थाको महगी अनुसार अत्यन्तै न्यून रहेको र विद्यार्थीको शैक्षिक सामग्री खरिद गर्न मात्र पनि अपुग भएको पाइयो । थोरै भएको छात्रवृत्ति रकम पनि उपयुक्त समयमा वितरण हुन नसकेको, कतिपय अभिभावकले उक्त रकम दुरुपयोग गर्ने गरेको पाइयो । उचित समय र मात्रामा विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्न नसकेकोले उनीहरुले यसको सहि अनुभूति प्राप्त गर्न र सिकाइ क्रियाकलामा उत्प्रेरित हुन नसकेको पाइयो । सम्पूर्ण अभिभावकले छात्रवृत्तिको उद्देश्य वारे स्पष्ट थाहा नभएकाले वितरणमा समस्या देखिएको पाइयो । विद्यालयले छात्रवृत्ति वितरण गरिसकेपछि माथिल्लो सरोकारवाला निकायले यसको प्रभावकारी ढंगबाट निरिक्षण, अनुगमन र प्रभावको मूल्याङ्कनका लागि खासै चासो नदिएकोले यस्ता विविध प्रकारका समस्याहरु छात्रवृत्ति वितरणको क्रममा देखा पर्ने गरेको पाइयो ।

## ४.४ विद्यमान समस्या समाधान र सिकाइ उपलब्धिस्तर सुधारका उपायहरु

एउटा विद्यालयमा विभिन्न पृष्ठभूमिका विद्यार्थीहरु अध्ययन गर्न आउने हुँदा भर्ना अवधिमा उनीहरुको तथ्याङ्क स्पष्ट राखिनुका साथै छात्रवृत्तिका लागि समयमानै सम्बधित उपल्लो निकायमा तथ्याङ्क पठाउनु पर्ने जसले गर्दा छात्रवृत्ति वितरण गर्न कठिनाइ नहोस् । हालसम्म हरेक विद्यालयमा अध्ययरत सम्पूर्ण विद्यार्थी वर्गलाई छात्रवृत्तिले समेट्न नसकेको अवस्थामा गैरदलित छात्रहरुको हकमा पनि पारिवारिक आर्थिक पृष्टभूमि ज्यादै नाजुक भएका छात्रहरुलाई पनि यथार्थ पहिचान गरी छात्रवृत्ति कार्यक्रममा समेट्नु ज्यादै उचित हुने देखिन्छ ।

छात्रवृत्ति वितरणको उद्देश्यका वारेमा हरेक शैक्षिक सत्रको शुरुमा अभिभावक वर्गलाई भेला गराइ जिल्ला शिक्षा कार्यालय र विद्यालयको संयुक्त प्रयासबाट चेतनामूलका कार्यक्रम गरी छात्रवृत्ति वितरण गर्नाले सिकाइ उपलब्धिस्तर सुधार भइ उद्देश्य परिपुर्ति गर्न सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

छात्रवृत्तिको वर्तमान अवस्था बुझ्न् विद्यालय र सरोकारवालासँग गरिएको छलफल, अन्तरक्रिया, प्रश्नावलीबाट जानकारी प्राप्त भए अनुसार छात्रवृत्तिका समस्याहरुको न्यूनिकरण गर्न, सिकाइ उपलब्धिस्तर वृद्धि गर्न छात्रवृत्ति वितरण कार्य शैक्षिक सत्रको शुरुमा नै गरिनु पर्ने, विद्यार्थी भर्ना अभियानलाई शसक्त र पारदर्शी बनाउन राज्यले स्पष्ट नीति तय गरी

विद्यालयमा लागु गर्नु पर्ने, छात्रवृत्ति रकमको दुरुपयोग गर्ने अभिभावकलाई यथार्थ पहिचान गरी दण्ड सजाय गर्न कडा र चुस्त संयन्त्र बनाइ निरिक्षण, अनुगमन र मूल्याङ्कन गरिनु पर्ने जेहेन्दार छात्रवृत्ति कोटा थप गर्नु पर्ने जस्ता सुझावहरु प्राप्त भएका छन् ।

यसै गरी छात्रवृत्ति वापद वितरण गरिदै आएको रकम समय सापेक्ष नएकाले उक्त रकमले विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामग्री खरिद गर्न अपुग भएकाले सो रकम वृद्धि गर्नु पर्ने र रकम वृद्धि गर्दा बढ्दो कक्षाको अनुपातमा वृद्धि गर्न सम्बन्धित माथिल्ला निकायहरुले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

छात्रवृत्ति वितरण सम्बन्धिका विविध समस्याहरुको समाधान सँगसगै विद्यार्थीको सिकाइ उपलब्धिस्तर वृद्धि गर्ने उपाय सम्बन्धमा पनि सरोकारवाला र अभिभावकहरुको तर्फबाट निम्नानुसारका धैरै सुझावहरु प्राप्त भएका छन्

अभिभावकहरुको सचेतना अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनु पर्ने, परिवारको न्यून आय आर्जनले वालबालिकाको सिकाइ उपलब्धिमा बाधक भएकाले न्यून आय भएका परिवारहरुको आय आर्जनका लागि आवश्यक सीपमूलक, आयमूलक तालिमको व्यवस्था गर्न विभिन्न संघ संस्था र निकायसँग पहल गर्नु पर्ने, शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप बन्द गरी स्वतन्त्र र निर्वाद रुपमा शैक्षिक संस्थाहरु संचालनको वातावरण मिलाउनु पर्ने ,शिक्षण सिकाइ क्रियाकलापमा समय सापेक्ष सुधार गर्नु पर्ने, अभिभावकले आफ्ना छोराछोरीहरुलाई सिकाइको उपयुक्त अवसर प्रदान गर्नु पर्ने, विद्यार्थीको विद्यालयमा नियमितता वृद्धि गर्न विशेष शैक्षिक कार्यक्रम ल्याउनु पर्ने, विद्यालयमा भौतिक सुविधाहरुको विकास गर्नु पर्ने, शिक्षण पेशालाई उत्तरदायी र सम्मानित बनाउन समय सापेक्ष तालिम र सुविधाहरु व्यवस्था गर्नु पर्ने जस्ता महत्वपूर्ण सुझावहरु प्राप्त भएका छन् ।

माथि उल्लेखित समस्या समाधान र सिकाइ उपलब्धि स्तर सुधार गर्ने उपायहरु अवलम्बन र कार्यान्वयन हुन सकेको खण्डमा सवै वर्ग र जात जातिको शिक्षामा सहज पहुँच पुग्न सक्नुका साथै मनोबैज्ञानिक अब्राहम मस्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई सिकाइ प्रति अभिप्रेरित गर्न सक्ने र अपेक्षाकृत सिकाइ उपलब्धिस्तर हासिल हुन सक्ने देखिन्छ ।

# परिच्छेद पाँच : निश्कर्ष र सुझाव

## ५.१ निश्कर्ष

विशेषतः निम्न माध्यमिक तह अन्तर्गत कक्षा आठमा छात्रवृत्तिको कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धिस्तर सम्बन्धमा गरिएको यस अध्ययनमा अध्ययन क्षेत्रको जनसंख्याबाट प्राप्त सूचना, जानकारी तथा स्थलगत अध्ययनबाट प्राप्त प्रतिक्रिया, तथ्याङ्क, सुझावका साथै अध्ययनको प्राप्तिको आधारमा निश्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

राज्यको तर्फबाट प्राथमिक तह देखिनै वितरण हुदै आइरहेको सवै प्रकारका छात्रवृत्ति कार्यक्रमले कमजोर आर्थिक अवस्था भएका दलित एवम् अल्पसंख्यक समूहलाई शिक्षामा आर्थिक बोझ कम गर्न मद्दत पुऱ्याएको छ । सम्पूर्ण छात्रा विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने भएकाले छात्राको भर्नादर वृद्धि गर्न सहयोग पुगेको छ । अभिभावक र विद्यार्थीको विद्यालय प्रति सकारात्मक धारणा विकास भएको छ । साथै छात्रवृत्ति कार्यक्रम कार्यान्वयन भए यता विद्यार्थीको नियमिततामा सामान्य वृद्धि भएको, विद्यार्थीको उत्तीर्णदरमा केही वृद्धि भएको र लक्षित समूहलाई विद्यालय तर्फ आकर्षित गराएको अवस्था देखिन्छ ।

वर्तमान महङ्गीको तुलनामा छात्रवृत्ति रकम न्यून रहेको कारण शैक्षिक सामग्री खरिदमा खासै ठूलो सहयोग पुऱ्याउन नसकेको, छात्रवृत्ति वितरण गर्दा यसको खास उद्देश्य र महत्वको विषयमा औपचारिक रुपमा विद्यार्थी अभिभावकलाई दर्शाउन नसक्दा कार्यक्रमको सकारात्मक प्रभाव र उद्देश्यपूर्ण हुन नसकेको, छात्रवृत्तिको सदुपयोग भयो वा दुरुपयोग भयो भन्ने वारेमा सम्बन्धित सरोकारवाला निकायहरुबाट उचित निरिक्षण, अनुगमन तथा मूल्याङ्कन हुन नसकेकाले यसको प्रभाव न्यून रहेको पाइएको छ ।

छात्रवृत्ति कार्यक्रमलाई उचित व्यवस्थापन र संचालन गर्न सक्दा शैक्षिक उपलब्धिस्तरमा गुणात्मक वृद्धि गर्न सक्ने सैद्धान्तिक आधार रहे पनि हालसम्म सामान्य र संख्यात्मक रुपले मात्र वृद्धि भएको देखिन्छ । यसको बैज्ञानिक व्यवस्थापन र न्यायोचित वितरणमा जिम्मेवार सरोकारवाला पक्षहरुको कमी कमजोरी रहेको देखिन्छ । जसले गर्दा छात्रवृत्ति कार्यक्रमलाई विद्यार्थीको सिकाइ उपलब्धिस्तर सुधार गर्न अपेक्षित योगदान दिन नसकेको देखिन्छ ।

छात्रवृत्ति आफैमा एउटा प्रभावकारी कार्यक्रम भएतापनि यसले सम्पूर्ण विद्यार्थी वर्गलाई समेट्न नसकेको, जातिय आधारलाई प्रमुख बनाइएको, व्यवस्थापन र वितरणमा बैज्ञानिकताको अभाव रहेको साथै छात्रवृत्ति रकमको आधा हिस्सा जति अनुत्पादक क्षेत्रमा खेर गएको जानकारी प्राप्त भएका छन् ।

विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा छात्रवृत्ति बाहेक पनि घरायसी आर्थिक स्थिति, चेतनाको स्तर, सामाजिक, आर्थिक अवस्था, कक्षाकोठा व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थीको नियमितता, विद्यार्थीको पढाइ लेखाइ प्रतिको अभिरुचि, साथीभाइको संगत, शिक्षा प्रणाली, पारिवारिक शैक्षिक वातावरण जस्ता अन्य तत्वहरु समेत जिम्मेवार रहन गएको पाइयो ।

तसर्थ माथि उल्लेखित तत्वहरुलाई मध्यनजर गर्दै विद्यार्थीको सिकाइ उपलब्धिस्तर विकासको लागि घर परिवार, गाउँ समाज, विद्यालय, सरोकारवाला, एवम् राज्यको तर्फबाट उचित निर्देशन, सल्लाह सुझाव, सहुलियत र अवसरहरु प्रदान गर्न सकेको खण्डमा लगानीको सदुपयोग भइ अपेक्षित उपलब्धि हासिल हुन सक्छ भन्ने निश्कर्ष समेत अन्तरक्रिया, छलफल र प्रश्नावलीबाट सुझाव स्वरुप प्राप्त भएका छन् ।

## ५.२. सुझाव

यस अध्ययन क्षेत्रका विद्यालयहरुको अध्ययन गर्ने क्रममा छात्रवृत्ति वितरण गर्ने कार्यक्रमको वर्तमान अवस्था, विद्यार्थीको शैक्षिक अवस्था र सिकाइ उपलब्धिस्तर, छात्रवृत्तिमा देखिएका प्रमुख समस्या, सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु आदि विषय बस्तु सम्बन्धित क्षेत्रका नमूना छनौटमा परेका सरोकारवालाहरुसँगको कुराकानी, छलफल, अन्तरवार्ता, अन्तरक्रिया र भराइएका प्रश्नावलीबाट प्राप्त सूचना र जानकारीका आधारमा नीतिगत तह, अनुसन्धान तह र कार्यान्वयन तहमा निम्न सुझावहरु पेश गरिएको छ ।

### ५.२.१ नीतिगत तह

छात्रवृत्तिको कोटा निर्धारण गर्दा जातिय आधारलाई मात्र मूख्य आधार नमानी गरिव तथा जेहेन्दार छात्रवृत्तिकोटा लगायत सवै वर्ग जातजाती, आदिवासी, दलित, पिछडा वर्ग, तथा सवैलाई समेट्ने गरी समान र न्यायोचित ढंगबाट निर्धारण गर्नु पर्ने देखिन्छ ।

कक्षाको बढ्दो क्रमअनुसार छात्रवृत्ति रकम पनि प्रतिव्यक्तिको आधारमा समय सापेक्ष र महंगी अनुकुल वृद्धि गर्दै लैजानु पर्दछ ।

शिक्षा मन्त्रालय, शिक्षा विभागले जिल्ला शिक्षा कार्यालय मार्फत समयमानै विद्यार्थीको तथ्याङ्क माग गरी सोही अनुसार उपयुक्त समयमा नै रकम उपलब्ध गराउनु पर्ने देखिन्छ ।

छात्रवृत्ति वितरणको उद्देश्य प्राप्ति र प्रभावकारिता वारेमा निरिक्षण, अनुगमन, तथा मूल्याङ्कन गर्नका लागि व्यवस्थापन वितरणमा बैज्ञानिक पद्धतिको थालनी गर्नका लागि जिल्ला स्तरीय संयन्त्रको विकास गरी लागू गर्नु पर्दछ ।

विद्यालय छात्रवृत्ति कोष खडा गरी लक्षित समूहको समेत प्रतिनिधित्व हुने गरी छात्रवृत्ति व्यस्थापन तथा वितरण समिति गठन गरी वितरण गर्ने नीतिगत व्यवस्था मिलाउनु पर्ने र वितरणमा एकरुपता ल्याउन जिल्ला भित्रका प्र.अ. र वि.व्य.स. प्रतिनिधीसँग अन्तरक्रिया गरी छात्रवृत्ति वितरण गर्ने आधार तयार गर्नु पर्ने देखिन्छ ।

लक्षित समूहको संख्या, भौगोलिक अवस्था, आर्थिक अवस्था, विद्यालयको गुणस्तर जस्ता कुरालाई छात्रवृत्ति कोटा निर्धाराणको आधार मान्नु पर्ने साथै छात्रवृत्तिको उद्देश्य पुरा गरी सिकाइ उपलब्धि उच्च राख्ने विद्यालयलाई पुरस्कार समेत व्यवस्था गर्नु पर्ने देखिन्छ ।

छात्रवृत्तिको उद्देश्य, महत्व र सदुपयोग सम्बन्धमा अभिभावकहरुको लागि सचेतना मूलक कार्यक्रम संचालन गर्ने नीतिगत व्यवस्था मिलाउनु पर्ने देखिन्छ । विद्यार्थीको सिकाइ उपलब्धिस्तर सुधार गर्न छात्रवृत्ति वाहेक, कमजोर आर्थिक अवस्था भएका परिवारको लागि आय आर्जनका लागि सिप मूलक, आयमूलक तालिम दिलाउने नीतिगत व्यवस्था मिलाउनु पर्दछ ।

विद्यालय एवम् सम्पूर्ण शिक्षा क्षेत्रलाई राजनैतिक हस्तक्षेपबाट स्वतन्त्र राखी बन्द हड्तालमूक्त बनाउनु पर्दछ र निर्वाद रुपमा शैक्षिक संस्था संचालनको वातावरण मिलाउनु पर्दछ ।

विद्यालयमा भौतिक संरचना निर्माण गरी सहज शैक्षिक वातारण सिर्जना गर्नका लागि माथिल्लो निकायबाट आर्थिक वजेट उपलब्ध गराउनु पर्ने देखिन्छ ।

शिक्षक पेशालाई सम्मानित व्यवसायिक र आकर्षित बनाइ विद्यार्थीको सिकाइ उपलब्धि सधै उच्च बनाइ राख्न शिक्षकलाई समय सापेक्ष तालिमको व्यवस्था मिलाउनु पर्ने हुन्छ जसले गर्दा शिक्षकले आफूलाई अध्यावधिक राखी रहन सकोस् ।

### ५.२.१ कार्यान्वयन तह

विद्यालय छात्रवृत्ति कार्यक्रम कार्यान्वयन गर्ने प्रमुख निकाय हो । यसले विद्यार्थीको यथार्थ तथ्याङ्कको तयारी लगायत रकमको सदुपयोगमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

छात्रवृत्ति रकम वितरण गर्नु अगावै विद्यालय र वि.व्य.स.ले अभिभावकहरुलाई यसको उद्देश्य र महत्व उपयोगिता वारेमा सचेत गराइ त्यसपछि मात्र औपचारिक कार्यक्रमका साथ वितरण गर्नु उचित हुन्छ ।

जिल्ला शिक्षा कार्यालयबाट प्राप्त भएको छात्रवृत्ति रकमलाई उचित समयमा वास्तविक विद्यार्थीहरु पहिचान गरी पारदर्शी रुपमा छात्रवृत्ति वितरण गर्नु पर्ने देखिन्छ ।

विद्यालयले विद्यार्थीको नियमितता वृद्धि गर्न विविध शैक्षिक कार्यक्रमहरु ल्याउनु पर्ने जसमा शतप्रतिशत उपस्थित हुने विद्यार्थीलाई प्रभावकारी पुरस्कारहरु प्रदान गर्नु पर्दछ ।

विद्यार्थीलाई विद्यालयमा भित्र्याउन, टिकाउन र सिकाउनका साथै महत्वपूर्ण सिकाइ उपलब्धि हासिल गराउन विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाइ प्रभावकारी कक्षा कोठा व्यवस्थापनमा ध्यान दिनु पर्ने देखिन्छ ।

विद्यालयले विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षित रुपमा सुधार गर्दै लैजानका लागि नवीन र आधुनिक शिक्षण प्रविधिको प्रयोगमा जोड दिनु पर्दछ ।

विद्यालयले वितरण गरेको छात्रवृत्ति रकमको दुरुपयोग र चुहावटलाई रोक्न जिल्ला शिक्षा कार्यालयले सचेत गराए अनुरुप स्थानीय तहका बुद्धिजिवी, समाजसेवी, सचेत सरोकारवालाहरुको एक चुस्त र सक्रिय संयन्त्र गठन गरी निरिक्षण, अनुगमन र मूल्याङ्कन गर्न लगाइ जि.शि.का.मा प्रनिवेदन पठाउनु पर्ने देखिन्छ ।

कापी कलमको लिखित परीक्षालाई मात्र सिकाइ उपलब्धि स्तर मापनको मूख्य आधार नबनाइ विद्यार्थीको सर्वाङ्गीण पक्षको विकासलाई लेखा जोखा गर्न निरन्तर मूल्याङ्कन परिपाटीमा विशेष जोड दिनु पर्ने आवश्यकता देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा पारेको प्रभाव सम्बन्धमा अध्ययन गर्न चाहने शोधकर्ताका लागि र यस विषयमा जानकारी हासिल गर्न चाहने शिक्षक, स्रोत व्यक्ति, सरोकारवाला, जो सुकैलाई पनि यस सोध कार्यले सहयोग पुऱ्याउन सक्दछ । अध्ययनको क्षेत्रलाई अझ विस्तार गरी प्रत्येक स्रोत केन्द्र र जिल्ला सम्मको अध्ययन गर्न शोध मार्फत सहयोग पुग्दछ ।

छात्रवृत्तिका समस्याहरु र यसका अन्य पक्षमा अझ विस्तृत खोज अध्ययन गर्न चाहने शोधकर्ताका निम्ति अगाडि बढ्ने गोरेटोको रुपमा रहने र थप समस्याको जग पत्ता लगाउन यो अध्ययन प्रेरक बन्न सक्दछ ।

छात्रवृत्तिले सिकाइ उपलब्धि स्तरमा पारेको प्रभाव सम्बन्धमा निम्न माध्यमिक तहको कक्षा आठमा गरिएको अध्ययनमा छात्रवृत्ति प्राप्त गर्ने भन्दा प्राप्त नगर्ने विद्यार्थीको, दलित भन्दा गैरदलित विद्यार्थीको सिकाइ उपलब्धिस्तर बढी देखिनु थप अनुसन्धानको विषय बन्न सक्दछ ।

विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा प्रभाव पार्ने छात्रवृत्ति वाहेकका अन्य तत्वहरुको वारेमा अझ गहिरो अध्ययन गर्नका लागि यो शोधकार्य आधारको रुपमा रहनेछ ।

कापी कलम प्रयोजनको लिखित परीक्षाबाट प्राप्त सिकाइ उपलब्धि लगायत औपचारिक निरन्तर मूल्याङ्कनबाट प्राप्त उपलब्धिलाई समेत आधार मानेर आगामी दिनमा थप अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ ।

माथि उल्लेखित सुझावहरुलाई राम्रो सुझवुझका साथ चिन्तन मनन गर्दै विद्यार्थीको सिकाइ उपलब्धिस्तर सुधार सम्बन्धमा अन्य विशेष प्रकारको समस्या र मुद्धाहरु पहिचानका साथ खोज अध्ययन गरी समाधानका उपायहरु सुझाउन सके समेटिन नसकेका विषय समेटेर यहि शीर्षकमा पनि अध्ययन गर्न अझ उत्कृष्ट र प्रभावकारी हुने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


काफ्ले, वासुदेव, गौडेल, यादव, शर्मा र अधिकारी, किसानप्रसाद (२०६४), *शिक्षाको वित्तशास्त्र,* काठमाडौः सनलाइट पब्लिकेशन ।

काफ्ले, वासुदेव, सिन्हा, रामस्वरुप, श्रेष्ठ, चन्द्रबहादुर र बस्नेत, सम्झना (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा* ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौ : सनलाइट पब्लिकेशन, किर्तिपुर।

थापा, विजयकुमार, श्रेष्ठ चन्द्रबहादुर र सिग्देल, शैलेन्द्रप्रसाद (२०६४), *व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार (२०६३), *कार्यक्रम निर्देशिका,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान,* काठमाडौ : मकालु पब्लिकेशन ।

नेपाल सरकार (२०६७), *शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९),* काठमाडौ : पिनाकल पब्लिकेशन, बागवजार ।

पन्त, भरतविलाष (२०५४), *प्रारम्भिक शिक्षा मनोविज्ञान,* काठमाडौ : रत्न पुस्तक भण्डार, भोटाहिटी ।

पोखरेल, युवराज (२०६७), *प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी भर्नादरमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), मोरङ्ग : सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

बस्नेत, खगेन्द्र (२०६०), *प्राथमिक शिक्षा; लगानी र प्रतिफल,* शैक्षिक ज्योति वर्ष १, अंक १, काठमाडौ, लेखक ।

भण्डारी, यदुराम (२०६९), *छात्रवृत्ति वितरणले सिकाइ उपलब्धिमा पारेको प्रभाव,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) झापा : कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ।

प्रधान, रामकुमार (२०६९), *वालवालिकाको सिकाइ उपलब्धिस्तर* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), झापा : कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ।

रेग्मी, मुरारीप्रसाद र साथीहरु (२०६२), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौ : न्यू हिरा बुक्स, किर्तिपुर ।

वस्ती, हरी (२०६५), *प्राथमिक शिक्षामा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काडमाडौ : त्रि.वि. केन्द्रिय क्याम्पस, किर्तिपुर ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्र (२०५५), *शिक्षाको दर्शनशास्त्रिय आधार,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, चिरञ्जीवि र निर्मला (२०६४), *शिक्षाको दर्शनशास्त्रिय आधार,* काठमाडौ : एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०६०), *परियोजना फर्मेटिभ अनुसन्धान,* काठमाडौ : लेखक, बल्खु ।

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची १

प्रधानाध्यापकका लागि प्रश्नावली

१. निम्न माध्यमिक छात्रवृत्ति अन्तर्गत कुन कुन छात्रवृत्ति वितरण गर्दै आउनु भएको छ ?
उत्तर :

२. तपाइँको विद्यालयमा खासगरी कक्षा ८ मा कति विद्यार्थीले छात्रवृत्ति पाउँछन् ?
क. संख्या ............. ख. प्रतिशत .................

३. छात्रवृत्ति र सिकाइ उपलब्धि विच कस्तो सम्बन्ध पाउनु भएको छ ?
उत्तर :

४. छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने विद्यार्थी मध्ये कसले बढी मात्रामा सिकाइ उपलब्धि हासिल गरेका छन् ?
क. छात्रवृत्ति प्राप्त गर्नेले ख. छात्रवृत्ति प्राप्त नगर्ने ग. दुवै खालका विद्यार्थीले

५. छत्रवृत्तिका लागि नगद वा जिन्सी सामग्री मध्ये कुन चाँही वितरण गर्दा उपयुक्त होला?
क. नगद ख. जिन्सी सामग्री ग. नगद र सामग्री दुवै

६. छात्रवृत्तिको वितरणले विद्यार्थीरुको नियमिततामा कतिको प्रभाव पारेको छ ?
क. छैन ख. आंशिक मात्रमा ग. धेरै मात्रामा

७. छात्रवृत्ति वितरण गर्ने समय शैक्षिक सत्रभित्रको कुन समय उपयुक्त हुन्छ भन्ने ठान्नु भएको छ ?
क. शैक्षिक सत्रको शुरुमा ख. शैक्षिक सत्रको विचमा
ग. शैक्षिक सत्रको अन्त्यमा घ. अन्य

८. छात्रवृत्ति कस्ता विद्यार्थीलाई कुन तरिकाबाट वितरण गर्दा उच्चतम सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ होला ?

उत्तर :

९. विशेषतः तपाइँ कक्षा ८ का विद्यार्थीको सिकाइ उपलब्धिसँग कतिको सन्तुष्ट हुनुहुन्छ ?

क. छैन ख. आशिंक रुपमा ग. पूर्ण रुपमा

१० छात्रवृत्ति सम्बन्धि के के समस्याहरु पाउनु भएको छ ?

उत्तर

११. छात्रवृत्तिलाई उद्देश्यमुलक र प्रभावकारी बनाई अपेक्षित सिकाइ उपलपब्धि प्राप्त गर्न के कस्ता सुझावहरु दिनु हुन्छ ?

उत्तर :

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची २

शिक्षकका लागि प्रश्नावली

१. छात्रवृत्ति वितरणले विद्यार्थीको सिकाइ उपलब्धिमा सुधारभएको अनुभव गर्नु भएको छ ?

क. छ ख. छैन ग. अन्य

२. छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको छ भन्ने कुरालाई कसरी पुष्टि गर्नु हुन्छ ?

उत्तर :

३. विद्यार्थीलाई वितरण गरिदै आएको छात्रवृत्ति रकम पर्याप्त छ ?

क. छ ख. छैन ग. केहि अपुग छ घ. धेरै अपुग

४. कक्षा अनुसार छात्रवृत्ति रकम वृद्धि गर्न आवश्यक छ कि छैन ?

क. आवश्यक छ ख. आवश्यक छैन ग. अन्य

५. सिकाइ उपलब्धिले विद्यार्थीको व्यवहारमा परिवर्तन आएको पाउनु भएको छ ?

क. छ ख. छैन ग. केहि मात्रामा घ. धेरै

६. व्यवहारमा आउने स्थायी परिवर्तनलाई मात्र सिकाइ उपलब्धि मान्न सकिन्छ, व्यवहारमा स्थायी परिवर्तन भएको थाहा पाउने सूचकहरु के के हुन सक्छन् ?

उत्तर :

७. छात्रवृत्ति प्राप्त गरेर पनि न्यून सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीहरु प्रति तपाइँको मूल्याङ्कन के छ ?

उत्तरः

८. छात्रवृत्ति तपाइँको वितरमा कस्ता विद्यार्थीले प्राप्त गर्नु पर्छ ?

क. गरिव तथा जेहेन्दार ख. दलित ग. जनजाति घ. सवैले

९. छात्रवृत्तिलाई सिकाइ उपलब्धिसँग जोडेर हेर्दा के भन्नु हुन्छ ?

उत्तर :

१०. छात्रवृत्ति सम्बन्धि के कस्ता मुख्य समस्या देख्नु भएको छ ?

उत्तर :

११. अतिरिक्त क्रियाकलापमा विद्यार्थीको रुचि र सहभागिता कस्तो छ ?

उत्तर :

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची ३

विद्यार्थीका लागि प्रश्नावली

ठिक लागेको उत्तरमा (√) चिन्ह लगाऊ ।

१. तिमिले छात्रवृत्ति पाएका छौं ?

क. पाएको छु ख. पाएको छैन

२. शैक्षिक सत्रको कुन समयावधिमा तिमीले छात्रवृत्ति पाउँछौं ?

क. भर्ना हुने वित्तिकै ख. त्रैमासिक परीक्षा पछि

ग. अर्धबार्षिक परीक्षा पछि घ. शैक्षिक सत्रको अन्त्यमा

३. छात्रवृत्ति रकम बुझ्न को आउनु हुन्छ ?

क. आफै ख. बुवा वा आमा ग. अन्य

४. तिमिले प्राप्त गरेको छात्रवृत्ति रकम के मा उपयोग गर्छौं ?

क. कापी, पेन्सिल किन्न ख. स्कूल पोशाक किन्न

ग. खानेकुरा किन्न घ. बुवा आमाले खर्च गर्नु हुन्छ

५. तिमीलाई विद्यालय गएर के गर्न मन लाग्छ ? कुनै ३ वटा कुराहरु भन/लेख ?

उत्तर :

६. तिमीलाई नियमित विद्यालय जानको लागि के ले र कसले प्रेरणा दिन्छ ?

क. बावुआमाले ख. शिक्षकले ग. साथीहरुले घ. छात्रवृत्ति पाइन्छ भनेर

७. तिमीलाई पढाइ लेखाइ प्रति कतिको रुचि छ ?

क. छैन  ख. छ  ग. अलिअलि  घ. धेरै

८. तिमीलाई सवैभन्दा अफ्ठेरो र सवैभन्दा सजिलो लाग्ने विषयहरु कुन कुन हुन ?

उत्तर :

९. तिमी किन विद्यालय जान्छौं ?

क. साथीहरुसँग खेल्न  ख. ज्ञान, सीप र व्यवहार सिक्न

ग. साथीहरुसँग डुल्न  घ. साथीहरुसँग झगडा गर्न

१०. यदि केटाकेटीहरु विद्यालय नगएमा के हुन्छ जस्तो लाग्छ ?

उत्तर

११. विद्यालयले संचालन गर्ने गरेको अतिरिक्त क्रियाकलापमा कतिको भाग लिन्छौं ?

क. कहिले काही  ख. धेरै मात्रामा  ग. भाग लिएको छैन

१२. तिम्रा असल बानी व्यवहारहरु के के हुन ?

उत्तर :

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची -४

अभिभावकका लागि प्रश्नावली

१. तपाइँको छोरा छोरी नियमित विद्यालय जान मन पराउछन् ?

क. मन पराउछन् ख मन पराउदैन ग. अन्य

२. यदि तपाइँको नानी विद्यालय जान मन गर्दैन भने के के कारण हुन भन्ने ठान्नु हुन्छ ?

क. घरमा काम गर्नु पर्ने भएर ख. कापी पेन्सील नभएकाले

ग. पठाइ प्रति चेतना नभएकाले घ. छात्रवृत्ति नपाएकाले

३. छात्रवृत्तिको वारेमा तपाइलाई थाहा छ ?

उत्तर :

४. तपाइँको छोरा/छोरीले छात्रवृत्ति पाउदै आएका छन् ?

क. नियमित रुपमा ख. कहिले काही ग. पाएको छैन

५. तपाइँको नानीको पढाइ कस्तो छ ?

क. उत्तम ख. मध्यम ग. कमजोर

६. छात्रवृत्तिले बालबालिकाको पढाइ लेखाइमा सहयोग र हौसला प्रदान गरेको छ ?

उत्तर :

७. छात्रवृत्तिले अभिभावक र विद्यार्थी कसलाई बढि फाइदा पुगेको छ ?

क. विद्यार्थीलाई ख. अभिभवाकलाई ग. दुवैलाई बरावर

८. तपाइँको नानीले छात्रवृत्ति पाउदा र नपाउदा कुन अवस्थामा सिकाइ उपलब्धि राम्रो भएको ठान्नु हुन्छ ?

क. पाउँदा ख. नपाउँदा ग. बराबर

९. तपाइँको आर्थिक अवस्था कस्तो छ ?

क. विपन्न ख. मध्यम ग. राम्रो

१०. तपाइँको छोराछोरीलाई विद्यालयले छात्रवृत्ति दियोस् जस्तो लाग्छ भने किन ?

उत्तर :

११. हालसम्म वितरण गरिदै आएको छात्रवृत्ति प्रति तपाइँको कुनै गुनासो छ ?

क. छ ख. छैन ग. अन्य

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## कक्षाकोठा क्रियाकलापमा सहभागिता र व्यवहार परिवर्तन हेर्न तयार पारिएको रुजुसूचि फारम

## अनुसूची ५

विद्यालयको नाम : ............................................................ कक्षा : ८

ठेगाना : .......................................................................

| क.सं. | विद्यार्थीको क्रियाकलाप | छात्रवृत्ति प्राप्त गर्ने प्रतिशत (%) मा | छात्रवृत्ति प्राप्त नगर्ने प्रतिशत (%) मा |
|---|---|---|---|
| ञ | समयमा विद्यालय आइ पुग्ने | | |
| द्द। | कक्षामा ध्यान दिने | | |
| घ। | कक्षाकार्य गर्ने, गृहकार्य गर्ने | | |
| द्ध। | छलफलमा भाग लिने | | |
| छ। | सान्दर्भिक प्रश्न सोध्ने | | |
| ट। | सोधेको प्रश्नको उत्तर दिने | | |
| ठ। | शिक्षकप्रति आदर भाव गर्ने | | |
| ड। | सीप पक्षको विकास | | |
| ढ। | अतिरिक्त क्रियाकलापमा सहभागिता | | |
| ञण। | अभिवृत्ति पक्षको विकास | | |

# छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची ६

## छात्रवृत्ति वितरण सम्बन्धि विवरण

| क्र सं. | विद्यालयको नाम | शैक्षिक सत्र | जम्मा विद्यार्थी | १००% छात्रा छात्रवृत्ति | दलित छात्रवृत्ति | सिमान्त कृत छात्रवृत्ति | द्वन्द पिडित छात्रवृत्ति | जम्मा कोटा | छात्रवृत्ति पाउने % |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनता उ.मा.वि. खुदुनावारी -६ | २०६९ | ९६ | ४९ | १३ | - | - | ६२ | ६४.५८ |
| | | २०७० | ९२ | ५० | ०७ | - | - | ५७ | ६१.९६ |
| | | २०७१ | ८९ | ३५ | १७ | - | - | ४९ | ५५.०५ |
| २ | सिंहदेवी मा.वि. खुदुनावारी-१ | २०६९ | ७५ | २७ | ११ | ३ | - | ४१ | ५४.६६ |
| | | २०७० | ७५ | ३२ | १२ | ४ | - | ४८ | ६४.०० |
| | | २०७१ | ९५ | ४१ | १३ | ४ | - | ५८ | ६१.०५ |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. शनिअर्जुन | २०६९ | २७ | १० | ०६ | - | - | १२ | ४४.४४ |
| | | २०७० | २७ | ०६ | ०७ | - | - | १७ | ६२.९६ |
| | | २०७१ | १७ | ०६ | ०६ | - | - | १२ | ७०.५८ |
| ४ | भिमले नि.मा.वि. खुदुनावारी-२ | २०६९ | १७ | ०६ | ०१ | - | - | ०७ | ३५.२९ |
| | | २०७० | १४ | ०९ | ०१ | - | - | १० | ७१.४२ |
| | | २०७१ | १९ | ११ | - | - | - | ११ | ५७.८९ |

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची ७

## छात्रवृत्ति वितरण गर्ने तरिका

| क्र. सं. | विद्यालयको नाम | छात्रवृत्ति बुझ्न आउने व्यक्ति | | | छात्रवृत्तिको स्वरुप | | हस्ताक्षर गर्ने व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | बुवा % | आमा% | अन्य संरक्षक% | नगद | जिन्सी | |
| १ | श्री जनता उ.मा.वि. खुदुनावारी | २५ | ५३ | २२ | √ | – | विद्यार्थी |
| २ | सिंह देवी मा.वि. खुदुनावारी | ३२ | ५५ | १३ | √ | – | विद्यार्थी |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. शनिअर्जुन न.पा. | २७ | ४८ | २५ | √ | – | विद्यार्थी |
| ४ | भिमले नि.मा.वि. खुदुनावारी | ३७ | ४३ | २० | √ | – | विद्यार्थी |
| | **जम्मा** | **१२१** | **१९९** | **८०** | | **–** | |
| | **औषत** | **३०.२५** | **४९.७५** | **२०** | | **–** | |

**छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर**

**अनुसूची ८**

**विद्यार्थी नियमितताको अवस्था (शैक्षिक सत्र २०७०)**

| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | विद्यालय संचालन भएको | छात्रवृत्ति पाउने | | | छात्रवृत्ति नपाउने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा विद्यार्थी | जम्मा उपस्थिति | औषत उपस्थिति | जम्मा विद्यार्थी | जम्मा उपस्थिति | औषत उपस्थिति |
| १ | जनता उ.मा.वि. | २१७ | २०२ | ५७ | १००६२ | १७६.५२ | ३५ | ६१३० | १७२.१५ |
| २ | सिंहदेवी मा.वि. | २२७ | २०८ | ४८ | ९००० | १८७.५ | २७ | ९९७५ | १८४.२६ |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. | २१८ | २०२ | १७ | ३०४७ | १७९.२५ | १० | १८०२ | १८०.२ |
| ४ | भिमले नि.मा.वि. | २१८ | २०७ | १० | १८१० | १८१ | ०४ | ७१३ | १७८.२४ |

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची ९

## छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धिस्तरको तुलना

विद्यालयको नाम : जनता उ.मा.वि. (शैक्षिक सत्र २०६९)

| **क्र. सं.** | **विद्यार्थीको नाम** | **अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धिस्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु)** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **अंग्रजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **सामाजिक** | **कुल जम्मा** |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | अनिल सेन्चुरी | ४१ | ५० | ३२ | ४८ | ५० | २२१ |
| २ | काजल मोते | २६ | ३२ | १६ | ३६ | ३७ | १४७ |
| ३ | रजनी ढकाल | ४५ | ५२ | ३२ | ४२ | ५४ | २२५ |
| ४ | सपना न्यौपाने | २९ | ३२ | २४ | ३७ | ३८ | १६० |
| ५ | सर्मिला राई | ३२ | ४३ | १८ | ३८ | ४० | १७१ |
| ६ | सुस्मिता लिम्बू | २९ | ३२ | ३५ | ३९ | ३२ | १६७ |
| ७ | सिर्जना कुमाल | २९ | ३४ | १७ | ३८ | ३० | १४८ |
| | **जम्मा** | **२३१** | **२७५** | **१७४** | **२७८** | **२८१** | **१२३९** |
| | **औषत** | **३३.००** | **३९.२९** | **२५.००** | **३९.७२** | **४०.१४** | **१७७.००** |
| | **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | | |
| १ | कुशल घिमिरे | २८ | ४१ | ३४ | ५३ | ३६ | १९२ |
| २ | प्रदिप भट्टराई | ३० | ३२ | १६ | ३९ | ३९ | १५६ |
| ३ | सरोज नेम्वाङ | ४३ | ३७ | १९ | ३८ | ४४ | १८१ |
| ४ | केशव कु. पोखरेल | ३७ | ३२ | १६ | २५ | ३८ | १४८ |
| ५ | केशव मगर | २१ | ३२ | ७ | २८ | ३२ | १२० |
| ६ | दिपेश योङहाङ | ३७ | ३३ | १६ | ३६ | ३७ | १५९ |
| ७ | रोशन लिम्बू | ४५ | ४७ | ३२ | ३१ | ५६ | २११ |
| | **जम्मा** | **२४१** | **२५४** | **१४०** | **२५०** | **२८२** | **११६७** |
| | **औषत** | **३४.४२** | **३६.२८** | **२०.००** | **३५.७१** | **४०.२८** | **१६६.७१** |

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची १०

## छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धि स्तरको तुलना

विद्यालयको नाम : सिहदेवी माध्यमिक विद्यालय (शैक्षिक सत्र २०७१)

| क्र. सं. | विद्यार्थीको नाम | अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धि स्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **अंग्रजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **सामाजिक** | **कुल जम्मा** |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | विकास सार्की | ५५ | ४२ | ५० | ५१ | ४८ | २४६ |
| २ | देवीमाया रम्तेल | २८ | ३२ | ३२ | ३६ | ४६ | १७४ |
| ३ | मनिषा पौडेल | ४३ | ४० | ३२ | ४५ | ४६ | २०६ |
| ४ | निर्मला बस्नेत | ४९ | ७० | ४२ | ५८ | ६४ | २८३ |
| ५ | प्रकाश दनुवार | ४४ | ५० | ४६ | ४४ | ५५ | २३९ |
| ६ | ऋनादेवी श्रेष्ठ | ४६ | ४० | ३२ | ४५ | ४९ | २१२ |
| ७ | सिर्जना राई | ४३ | ३४ | ३२ | ३८ | ४७ | १९४ |
| | **जम्मा** | **३०८** | **३०८** | **२६६** | **३१३** | **३५५** | **१५५०** |
| | **औषत** | ४४.०० | ४४.०० | ३८.०० | ४४.७१ | ५०.७१ | २२१.४२ |
| | **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | | |
| १ | मनिष खतिवडा | ४८ | ४० | ३४ | ४७ | ५५ | २२४ |
| २ | मित्रलाल न्यौपाने | ५९ | ५३ | ६४ | ४८ | ५९ | २८३ |
| ३ | पासाङ तामाङ | ४९ | ३४ | ४२ | ४८ | ५५ | २२८ |
| ४ | रोजन फूयल | ३२ | ४२ | १० | ३२ | ४८ | १६४ |
| ५ | मनोज तामाङ | ५० | ३२ | ३४ | ४२ | ४८ | २०६ |
| ६ | संजिल कटुवाल | २६ | ३५ | १४ | २४ | ४७ | १४६ |
| ७ | उज्ज्वल नेम्वाङ | ६० | ५० | ३५ | ५४ | ५९ | २४८ |
| | **जम्मा** | **३२४** | **२८६** | **२३३** | **२९५** | **३७१** | **१४९९** |
| | **औषत** | **४६.२८** | **४०.८५** | **३३.२८** | **४२.१४** | **५३.००** | **२१४.१४** |

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची ११

## छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धि स्तरको तुलना

विद्यालयको नाम : अर्जुनधारा आदर्श संस्कृत माध्यमिक विद्यालय (शैक्षिक सत्र २०६९)

| क्र. सं. | विद्यार्थीको नाम | अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धि स्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **अंग्रजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **सामाजिक** | **कुल जम्मा** |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | अनु विर्जा | ४० | २५ | २५ | ५२ | २२ | १७२ |
| २ | चन्द्रकला दर्जी | ४१ | ४६ | १८ | ४६ | ३० | १८१ |
| ३ | दिपा भट्टराई | ५० | ३४ | २७ | ४८ | २८ | १८७ |
| ४ | दिक्षा भट्टराई | ५७ | ५७ | ३२ | ५० | २५ | २२१ |
| ५ | ज्योतिकुमारी महतो | ४५ | ३९ | २४ | ५० | २४ | १८२ |
| ६ | मिना गिरी | ३३ | १९ | १४ | २७ | १७ | ११० |
| ७ | निकिता रसाइली | ६९ | ४३ | ३७ | ५१ | ३४ | २३४ |
| | **जम्मा** | **३३५** | **२७१** | **१७९** | **३२४** | **१८०** | **१२८७** |
| | **औषत** | ४७.८५ | ३८.७१ | २५.५७ | ४६.२८ | २५.७१ | १८३.८५ |
| | **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | | |
| १ | अंकित न्यौपाने | ४८ | ५४ | २४ | ५८ | ३२ | २१६ |
| २ | भानुभक्त नेपाल | ४५ | ५४ | १७ | ५१ | ३० | १९७ |
| ३ | कविराज अधिकारी | ५२ | ६३ | ४१ | ६४ | ३४ | २५४ |
| ४ | मनोज लिम्बू | ४५ | ३२ | १६ | ३४ | २३ | १५० |
| ५ | मिलन अर्याल | ४५ | ४४ | २४ | ३९ | २५ | १७८ |
| ६ | राजु रेग्मी | ३२ | १९ | १२ | ४१ | १८ | १२२ |
| ७ | सन्तोष योङहाङ | ४६ | ३३ | ३६ | ४७ | ३१ | १३९ |
| | **जम्मा** | **३१३** | **२९९** | **१७१** | **३३४** | **१९३** | **१३१०** |
| | **औषत** | ४४.७१ | ४२.७१ | २४.४२ | ४७.७१ | २७.५७ | १८७.१४ |

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची १२

## छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धि स्तरको तुलना

विद्यालयको नाम : भिमले निम्न माध्यमिक विद्यालय (शैक्षिक सत्र २०७१)

| क्र. सं. | विद्यार्थीको नाम | अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धि स्तर (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अंग्रजी | नेपाली | गणित | विज्ञान | सामाजिक | कुल जम्मा |
| | | १०० | १०० | १०० | १०० | १०० | |
| १ | सम्झना श्रेष्ठ | ६८ | ५० | ५१ | ६५ | ६५ | २९९ |
| २ | तेजकुमारी पौडेल | ६१ | ५२ | ३८ | ६४ | ६० | २७५ |
| ३ | यमुना कुइकेल | ५७ | ५२ | ४० | ५४ | ५९ | २६२ |
| ४ | देवीमाया तामाङ | ४६ | २९ | ३५ | ४३ | ५२ | २०५ |
| ५ | सुजता सुब्बा | ३६ | १९ | १६ | ३४ | ३९ | १४४ |
| ६ | टंकबहादुर सुयाल | ४० | ४० | ३७ | ४४ | ४७ | २०८ |
| ७ | पुजा राई | ४६ | ३३ | ३२ | ५१ | ४९ | २११ |
| **जम्मा** | | **३५४** | **२७५** | **२४९** | **३५५** | **३७१** | **१६०४** |
| **औषत** | | **५०.५७** | **३९.२८** | **३५.५७** | **५०.७१** | **५३.००** | **२२९.१४** |
| **छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरु** | | | | | | | |
| १ | जीतबहादुर तिवारी | ६६ | ५७ | ६७ | ५९ | ६९ | ३१८ |
| २ | नारायण सुवेदी | ५८ | ४८ | ४३ | ६२ | ६५ | २७६ |
| ३ | हिमाल खतिवडा | ४९ | ३६ | ४० | ५६ | ६० | २४१ |
| ४ | किसन आचार्य | ४९ | ४३ | ४८ | ६३ | ६४ | २६७ |
| ५ | सुवास मगर | ५३ | ४१ | ६० | ५७ | ५१ | २६२ |
| ६ | बाबुराम सुब्बा | ४८ | ३४ | ३६ | ४४ | ४० | २०२ |
| ७ | विधान सारुमगर | ४६ | ३३ | ३२ | ५१ | ४९ | २११ |
| **जम्मा** | | **३६९** | **२९२** | **३२६** | **३९२** | **३९८** | **१७७७** |
| **औषत** | | **५२.७१** | **४१.७१** | **४६.५७** | **५६.००** | **५६.८५** | **२५३.८५** |

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची १३

## छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्नेको औषत उपलब्धिको तुलना

(शैक्षिक सत्र २०६९-०७१)

| क्र सं | विद्यालयको नाम | अंग्रेजी | | नेपाली | | गणित | | विज्ञान | | सामाजिक | | कुल औषत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने | प्राप्त गर्ने | प्राप्त नगर्ने |
| १ | जनता उच्च मा.वि. | ३३.०० | ३४.४२ | ३९.२९ | ३६.२८ | २५.०० | २०.०० | ३९.७२ | ३५.७१ | ४०.१४ | ४०.२८ | १७७.०० | १६६.७१ |
| २ | सिंहदेवी मा.वि. | ४४.०० | ४६.२८ | ४४.०० | ४०.८५ | ३८.०० | ३३.२८ | ४४.७१ | ४२.१४ | ५०.७१ | ५३.०० | २२१.४२ | २१४.१४ |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. | ४७.८५ | ४४.७१ | ३८.७१ | ४२.७१ | २५.५७ | २४.४२ | ४६.२८ | ४७.७१ | २५.७१ | २७.५७ | १८३.८५ | १८७.१४ |
| ४ | भिमले नि.मा.वि. | ५०.५७ | ५२.७१ | ३९.२८ | ४१.७१ | ३५.५७ | ४६.५७ | ५०.७१ | ५६.०० | ५३.०० | ५६.८५ | २२९.१४ | २५३.८५ |

## छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची १४

## छात्रवृत्ति पाउने र नपाउनेको विद्यालयगत उत्तीर्णदर

(शैक्षिक सत्र २०६९-०७१)

| क्र.सं. | विद्यालयको नाम | शैक्षिक सत्र | परीक्षामा सामेल | छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने | उत्तीर्ण विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | जनता उ.मा.वि. | २०६९ | ८४ | ५७ | २७ | ३२ | ५६.१४ | १३ | ४८.१४ |
| | | २०७० | ८७ | ५२ | ३५ | २५ | ४८.०७ | १३ | ३७.१४ |
| | | २०७१ | ८९ | ४९ | ४० | १५ | ३०.६१ | २३ | ५७.५० |
| २ | सिंहदेवी मा.वि. | २०६९ | ७५ | ४१ | ३४ | ३२ | ७८.०४ | २६ | ७६.४७ |
| | | २०७० | ७५ | ४८ | २७ | १५ | ३१.२५ | ०८ | २९.६२ |
| | | २०७१ | ९३ | ५८ | ३५ | ५४ | ९३.१० | २८ | ८०.०० |
| ३ | अर्जुनधारा आदर्श संस्कृत मा.वि. | २०६९ | २७ | १२ | १५ | १० | ८३.३३ | १४ | ९३.३३ |
| | | २०७० | २४ | १६ | ०८ | ११ | ६८.७५ | ०४ | ५०.०० |
| | | २०७१ | १७ | १२ | ०५ | ०८ | ६६.६६ | ०४ | ८०.०० |
| ४ | भिमले नि.मा.वि. | २०६९ | १७ | ०६ | ११ | ०४ | ६६.६६ | ०८ | ७२.७२ |
| | | २०७० | १४ | ४० | ०४ | ०८ | ८०.०० | ०४ | १००.०० |
| | | २०७१ | १९ | ११ | ०८ | ०६ | ५४.५४ | ०७ | ८७.५० |

# छात्रवृत्ति कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धि स्तर

## अनुसूची १५

## छात्रवृत्ति प्राप्त गर्ने दलित र गैरदलितको सिकाइ उपलब्धिस्तरको तुलना

| क्र सं. | विद्यालयको नाम | विद्यार्थीको नाम | अनिवार्य विषयहरुको विषयगत सिकाइ उपलब्धि दलिद विद्यार्थी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **अंग्रेजी** | **नेपाली** | **गणित** | **विज्ञान** | **समाजिक** | **कुल जम्मा** |
| १ | जनता उच्च मा.वि. | मुनादेवी रम्तेल | ४० | ५७ | ३२ | ३९ | ३६ | २०४ |
| | | सुमन दर्जी | ३८ | ४४ | ३२ | ५१ | ४७ | २१२ |
| २ | सिंहदेवी मा.वि. | गंगा प्र. रसाइली | ३३ | ४८ | १६ | ४३ | ६२ | २०२ |
| | | लक्ष्मी दर्जी | ४८ | ६८ | ३३ | ६७ | ६१ | २७७ |
| ३ | अर्जुधारा आ. संस्कृत | खुश्वु सहनी | ४६ | ३६ | ३२ | ५३ | २५ | १९२ |
| | | रुविया खातुन | ५० | २५ | २६ | ४५ | २५ | १७१ |
| ४ | भिमले नि.मा.वि. | विमला वि.के. | ५८ | ४१ | ५१ | ४८ | ५५ | २५४ |
| | | सहदेव त्रिखत्री | ५१ | ४९ | ३५ | ५० | ६४ | २४९ |
| | | **जम्मा** | **३६४** | **३६८** | **२५७** | **३९७** | **३२०** | **१७६१** |
| | | **कुल औषत उपलब्धि** | **४५.५** | **४६.००** | **३२.१२** | **४९.६२** | **४०.००** | **२२०.१२** |
| | | | | | **गैरदलित विद्यार्थी** | | | |
| १ | जनता उच्च मा.वि. | हिमा कार्की | ४१ | ४८ | ३२ | ४० | ५१ | २१२ |
| | | प्रतिक्षा खनाल | ३९ | ४५ | ३३ | ३९ | ३७ | १९३ |
| २ | सिंहदेवी मा.वि. | दिव्या फूयल | ७९ | ७९ | ६२ | ४९ | ६४ | ३३३ |
| | | सपना ओली | ४७ | ६० | ३३ | ४४ | ४९ | २३३ |
| ३ | अर्जुधारा आ. संस्कृत | दिपा भट्टराई | ५० | ३४ | २७ | ४८ | २८ | १८७ |
| | | कमला डाँगी | ४५ | ४८ | ३२ | ६७ | २९ | २२१ |
| ४ | भिमले नि.मा.वि. | प्रतिमा तिम्सिना | ५२ | ७३ | ७५ | ५७ | ६६ | ३२३ |
| | | शान्ति राई | ६७ | ४७ | ५६ | ६३ | ७२ | ३०५ |
| | | **जम्मा** | ४२० | ४३४ | **३५०** | ४०७ | **३९६** | **२००७** |
| | | **कुल औषत उपलब्धि** | ५२.५ | ५४.२५ | ४३.७५ | ५०.८७ | ४९.५ | २५०.८७ |